# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ७४ | काठमाडौं | सोमबार, २२ असार २०८३ | Prabhab National Daily | Monday, 6 July 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

# क्रियाशील सदस्यता अद्यावधिकको समय थपेको थप्यै कांग्रेस

- वर्षालाई कारण देखाउँदै क्रियाशील सदस्यता अद्यावधिक गर्ने समय चौथोपटक थपियो
- शेरबहादुर देउवासहितका संस्थापनइतका नेताहरूले देखाएनन क्रियाशील सदस्यता अद्यावधिकमा चासो
- क्रियाशील अद्यावधिक छाडेर महाधिवेशन लक्षित राष्ट्रिय भेला आयोजना गर्ने तयारी
- आगामी असोज १६ देखि काठमाडौंमा १५औं महाधिवेशन गर्ने तयारी




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** चैत २५ गते जनकपुरधाम पुगेर कांग्रेसका पुराना क्रियाशील सदस्यता सबै खारेज भएको घोषणा गरेका थिए सभापति गगन थापाले । उनै सभापति थापाले असार ९ गते झापा पुगेर क्रियाशील अद्यावधिक नगर्नेलाई नचिन्ने अभिव्यक्ति दिए ।

१५औं महाधिवेशन नजिकिएकोले अब छिटोभन्दा छिटो क्रियाशील सदस्यता अद्यावधिक गर्नुपर्नेतिर लक्षित गर्दै थापाले भनेका थिए, 'अद्यावधिक नभएको कोही पनि साथीलाई नेपाली कांग्रेसले सम्मान गर्छ, माया गर्छ तर पार्टी सदस्यका रूपमा चिन्दैन । अब मैले के गर्ने ? मैले व्यक्तिगतरूपमा चिन्छु, जय नेपाल भन्छु तर अब सिस्टमले नै चिन्दैन, भोट हाल्ने बेला नाम वडामा आउँदैन ।'

थापाले पटक-पटक क्रियाशील सदस्यता अद्यावधिक गर्न आग्रह गर्दा पनि कांग्रेस कर्याकर्तामा जोश देखिँदैन । संस्थापनइतरका नेता कर्याकर्ता क्रियाशील अद्यावधिकको पक्षमा नदेखिँदा कांग्रेसले गत जेठ २१



पुस १० भित्र टुंग्याइएको थियो, गगन थापा महामन्त्री हुँदा नै । अहिले डिजिटल इन्ट्री गर्ने भनेको ठीक छ तर पुरानालाई निरन्तरता पनि दिउँ । अद्यावधिकलाई मात्र महाधिवेशनसमा भाग लिन दिने भन्ने ठीक हुँदैन । यसले पार्टीलाई एकता हुन दिन्न । पार्टी झनै कमजोर बन्छ ।

■ **मीन विश्वकर्मा**
संस्थापनइतरका नेता

भित्र अनिवार्यरूपमा डिजिटल्ली क्रियाशील आद्यवधिक गरिसक्न निर्देशन दिएकोमा पटक-पटक म्याद थप्न बाध्य बनेको छ ।

क्रमशः पृष्ठ २ मा

## महाधिवेशन प्रविधिमैत्री बनाउने तयारी

नेपाली कांग्रेसले १५औं केन्द्रीय महाधिवेशनलाई प्रविधिमैत्री र पारदर्शी बनाउने उद्देश्यसहित निर्वाचन प्रक्रियामा डिजिटल प्रणाली तथा इभिएम (इलेक्ट्रोनिक भोटिङ मेसिन) प्रविधिलाई प्राथमिकताका साथ अघि बढाउने निर्णय गरेको छ । आइतबार ललितपुरको सानेपास्थित केन्द्रीय कार्यालयमा बसेको केन्द्रीय निर्वाचन समितिको बैठकले यस्तो निर्णय गरेको सदस्यसचिव राजु कटुवालले जानकारी दिए ।

वरिष्ठ अधिवक्ता प्रेमबहादुर खड्काको अध्यक्षतामा बसेको निर्वाचन समितिको बैठकले महाधिवेशन...

क्रमशः पृष्ठ २ मा

# वालेन्द्र सरकारविरुद्ध आक्रामक बन्दै विपक्षी दल

■ **जेबी योञ्जन**



- सरकारको १०० दिनपछि विपक्षी आक्रामक
- प्रधानमन्त्रीको कार्यशैलीविरूद्ध संयुक्त घेराबन्दी
- साझा मुद्दामा कांग्रेस, एमाले, नेकपा एकजुट
- संविधान र संघीयता जोगाउने प्रतिबद्धता
- संसद्देखि सडकसम्म आन्दोलनको तयारी

**काठमाडौं–** प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारले १०० दिन पूरा गरेसँगै प्रमुख विपक्षी दलहरू सरकारविरुद्ध थप आक्रामक बन्ने रणनीतिमा पुगेका छन् । सरकार गठनको प्रारम्भिक चरणमा संयमित देखिएका नेपाली कांग्रेस, नेकपा एमाले र नेपाल कम्युनिस्ट पार्टी (नेकपा) अब भने संसद्देखि सडकसम्म सरकारलाई घेराबन्दी गर्ने तयारीमा जुटेका हुन् ।

यी दलहरूले संविधानको रक्षा, संघीय लोकतान्त्रिक गणतन्त्रको संरक्षण, राष्ट्रिय स्वाधीनता र सरकारका विवादास्पद गतिविधिविरुद्ध साझा रूपमा उभिने जनाएका छन् । सरकारको १०० दिने कार्यकालमा विपक्षी दलहरूले अपेक्षाकृत संयमित भूमिका खेलेका थिए । तर, पछिल्ला दिनमा सरकारका केही निर्णय, अभिव्यक्ति र कार्यशैलीले संविधानको मूल मर्म, संघीय व्यवस्था तथा लोकतान्त्रिक प्रक्रियामाथि नै प्रश्न उठाएको निष्कर्षमा विपक्षी दलहरू पुगेका छन् ।

केही दिनअघि पार्टी बैठकलाई सम्बोधन गर्दै नेकपाका संयोजक तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले राष्ट्रिय स्वाधीनता र लोकतान्त्रिक व्यवस्थाको रक्षाका लागि व्यापक सहकार्यको आवश्यकता औंल्याएका थिए । उनको भनाइ थियो, 'राष्ट्रिय स्वाधीनताका पक्षमा, निरंकुशताका विरुद्ध, फासिवादका विरुद्ध, वैदेशिक दबाब तथा हस्तक्षेपविरुद्ध छिटोभन्दा छिटो वामपन्थी र देशभक्तहरू एक हुनुपर्छ । यसमा ढिला गर्नु गल्ती हुन्छ ।'

दाहालले आफ्नो भनाइलाई एमालेसँग पार्टी एकताको आह्वानका रूपमा नभई साझा मुद्दामा कार्यगत एकताको प्रस्तावका रूपमा बुझ्न आग्रह गरेका थिए । एमाले संसदीय दलकी उपनेता पद्मा अर्यालले पनि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकारले अपनाइरहेको कार्यशैलीप्रति गम्भीर आशंका व्यक्त गरेकी छन् । सरकारका केही गतिविधि संविधान, कानुन र स्थापित प्रक्रियाभन्दा बाहिर जान खोजेको उनको भनाइ छ ।

'रास्वपा र यसको नेतृत्वको सरकार कसरी जान्छ भन्ने कुरामा आशंका छ । अहिले नै ठ्याक्कै आरोप लगाइहाल्नुपर्ने स्थिति नभए पनि उनीहरूका कतिपय गतिविधि र क्रियाकलाप स्वेच्छाचारी देखिन्छन्,' उनले भनिन् ।

उनका अनुसार सरकारले कतिपय विषयमा विधि र प्रक्रियालाई बेवास्ता गर्दै निर्णय गर्न खोजेको देखिएको छ ।

क्रमशः पृष्ठ २ मा

## प्रेस विज्ञप्ति

नेपालबाट वैदेशिक रोजगारीमा साउदी अरब जाने नेपाली श्रमिकहरूमाथि Skill Verification Program (SVP) को नाममा थप गरिएको अनिवार्य परीक्षण, अतिरिक्त शुल्क, सीमित निजी संस्थामार्फत सेवा सञ्चालन तथा त्यसबाट सिर्जना हुन सक्ने एकाधिकारप्रति नेपाल वैदेशिक रोजगार व्यवसायी संघको गम्भीर ध्यानाकर्षण भएको छ । नेपाल र साउदी अरबबीचको श्रमिक आपूर्ति प्रणाली Business to Business (B to B) मोडलमा आधारित छ, जहाँ साउदी अरबका रोजगारदाता कम्पनीहरु र नेपालका इजाजतप्राप्त वैदेशिक रोजगार व्यवसायी संस्थाहरूबीच हुने सम्झौताका आधारमा हालसम्म श्रमिक आपूर्ति हुँदै आएको छ । यस्तो अवस्थामा सम्बन्धित सरोकारवालाहरूसँग पर्याप्त छलफल, परामर्श र सहमति बिना कुनै पनि नयाँ व्यवस्था एकपक्षीय रूपमा, त्यो पनि सीमित निजी कम्पनीहरूमार्फत जबरजस्ती लागू गर्न खोजिनु पूर्णतः अस्वीकार्य छ । त्यसैगरी, नेपाल र साउदी अरबबीच गत वर्ष सम्पन्न भएको द्विपक्षीय श्रम सम्झौतामा नेपाली श्रमिकमाथि थप आर्थिक भार सिर्जना गर्ने, अनिवार्य सिप परीक्षणको नाममा अतिरिक्त शुल्क असुल गर्ने वा सीमित सेवा प्रदायकमार्फत एकाधिकार कायम गर्ने वा गर्न दिने खालका यस्ता कुनै व्यवस्था उल्लेख छैन । त्यसैले हाल प्रस्तावित SVP को कार्यान्वयन मोडालिटी उक्त श्रम सम्झौताको भावना, उद्देश्य र मर्मविपरीत समेत देखिएको छ ।

नेपालस्थित साउदी दूतावासले सिप परीक्षण शुल्क रोजगारदाताले व्यहोर्ने जनाएको भए तापनि अन्य मुलुकहरूको व्यवहारिक अनुभवले त्यस्तो आर्थिक भार अन्ततः प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा श्रमिककै टाउकोमा पर्ने गरेको देखिएको छ । साउदी अरब जाने श्रमिकहरूबाट नेपालमै विभिन्न शीर्षक र बहानामा शुल्क असुली भईरहेको वर्तमान परिस्थितिमा अब सिप परीक्षणको नाममा अर्को आर्थिक दायित्व थप्नु लाखौं गरिब नेपाली श्रमिकमाथि थप अन्याय र शोषण हुनेछ । अहिले नै सामान्य नेपाली श्रमिकहरूले बायोमेट्रिक, अपोइन्टमेन्ट, विशेष अपोइन्टमेन्ट, भिसा स्ट्याम्पिङ, विभिन्न प्रशासनिक प्रक्रियाका औपचारिक तथा अनौपचारिक शीर्षकहरूमा अत्यधिक रकम तिर्न बाध्य भएको अवस्था र बाध्यताका प्रयाप्त गुनासोहरु आएका छन् । कतिपय अवस्थामा सामान्य सेवाका लागि समेत अस्वाभाविक रूपमा ठूलो अनौपचारिक रकम असुल भइरहेको समेत गुनासो प्राप्त भईरहेको छ । यस्ता विकृति बढाउने समस्याहरु समाधान हुन नसकेको अवस्थामा अब फेरि सिप भएका नभएका साउदी जाने सबैलाई सिप परीक्षण प्रमाणपत्रको नाममा अर्को बाध्यकारी खर्च थप्नु र भविष्यमा भाषा परीक्षण तथा अन्य थप परीक्षणका नाममा नया-नयाँ आर्थिक दायित्व सिर्जना गर्न योजना बनाउदै जानु कुनै पनि दृष्टिकोणबाट न्यायोचित हुन सक्दैन । यदि साउदी अरबलाई वास्तवमै सिप भएका दक्ष र प्रमाणित श्रमिक मात्र आवश्यक हो भने, साउदी सरकारले आफ्नै लगानीमा निःशुल्क तालिम केन्द्रहरु, निःशुल्क परीक्षण तथा निःशुल्क प्रमाणपत्रको व्यवस्था गर्नुपर्छ, वा नेपाल सरकारसँगको सहकार्यमा श्रमिकमाथि कुनै अतिरिक्त आर्थिक भार नपर्ने गरी सहमति र सम्झौता गरी विशेष प्रणालीको विकास गर्नुपर्छ । गरिब नेपाली जनतालाई वैदेशिक रोजगारीमा जानुअघि नै ठुलो रकम खर्च गर्न बाध्य बनाउने, हप्तौंसम्म काठमाडौं वा सीमित शहरहरूमा धाउन बाध्य पार्ने र विभिन्न शीर्षकमा रकम असुल गर्ने कुनै पनि व्यवस्थालाई नेपाल वैदेशिक रोजगार व्यवसायी संघले स्वीकार गर्न सक्दैन ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ वर्तमान स्वरूपमा प्रस्ताव गरिएको Skill Verification Program (SVP) लाई स्पष्ट रूपमा अस्वीकार गर्दछ र नेपाली श्रमिकमाथि थप आर्थिक भार, अनावश्यक झन्झट तथा एकाधिकार सिर्जना गर्ने गरी यसलाई कुनै पनि मूल्मा लागू गर्न वा गराउन नदिने दृढ घोषणा गर्दछ । अतः नेपाल सरकार, युवा, श्रम तथा रोजगार मन्त्रालय, परराष्ट्र मन्त्रालय, नेपालस्थित साउदी दूतावास तथा साउदी अरब सरकारसँग यस कार्यक्रमलाई तत्काल स्थगन गरी सरोकारवालाहरूसँग व्यापक परामर्श, पुनरावलोकन तथा श्रमिकमैत्री व्यवस्थाको सुनिश्चितता गर्न विशेष अनुरोध गर्दछौं । अन्यथा, नेपाली श्रमिकमाथि अतिरिक्त आर्थिक भार थप्ने एकाधिकारलाई संस्थागत गर्ने तथा द्विपक्षीय श्रम सम्झौताको भावना र मर्मविपरीतको SVP र यस्तै एकाधिकारहरु जबरजस्ती लागू गर्न खोजिएमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघ चरणवद्धरूपमा संघर्षका कार्यक्रम घोषणा गर्न, आवश्यक परे अनिश्चितकालीन रूपमा साउदी अरबमा नेपाली श्रमिक पठाउने कार्य स्थगन गर्न तथा यसका विरूद्ध सशक्त संस्थागत संघर्षमा उत्रन बाध्य हुनेछ । नेपाल वैदेशिक रोजगार व्यवसायी संघ नेपाली श्रमिकको हक, हित संरक्षण र सुरक्षामाथि कुनै पनि प्रकारको सम्झौता नगर्ने कुरा पुनः स्पष्ट गर्दछ ।

**डिक बहादुर खत्री (कुमार)**
अध्यक्ष

**हिरा बहादुर डाँगी (हरी)**
महासचिव

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
सिफल- ७, काठमाडौं, इमेल : info@nafea.org.np

**सन्दर्भ: वैदेशिक रोजगार**

# सीपयुक्त श्रमिकलाई म्यानपावर कम्पनीमार्फत कोरिया जाने अवसर

- ई-७ भिसामा म्यानपावर कम्पनीले सीपयुक्त श्रमिक पठाउन सकिने
- यसअघि रोकिएको यो प्रक्रिया उच्च अदालतको आदेश र कोरियालीराजदूतावासको कूटनीतिक नोटका आधार खुला गरिएको श्रम मन्त्रालयको भनाइ
- इपिएसजस्तै जिटुजी प्रणालीमार्फत ई-७ भिसामा श्रमिक पठाउने प्रयास भएन सफल

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** नेपालीहरूको आकर्षक रोजगार गन्तव्य दक्षिण कोरियामा अब म्यानपावर कम्पनीहरूले पनि सीपयुक्त श्रमिक पठाउन पाउने भएका छन् । युवा, श्रम तथा रोजगार मन्त्रालयले यही १५ असारमा मन्त्रीस्तरीय निर्णय गरी ई-७ भिसामा कोरियामा सीपयुक्त श्रमिक पठाउने बाटो खोलिदिएको हो ।

मन्त्रालयले १६ असारमा परराष्ट्र मन्त्रालयलाई पत्राचार गर्दै ई-७ भिसामा दक्षिण कोरिया जाने सीपयुक्त श्रमिकका कागजात प्रमाणीकरण तथा आवश्यक सहजीकरण गर्न अनुरोध गरेको छ । उक्त पत्रमा मन्त्रालयको निर्णय कार्यान्वयन गर्न आवश्यक प्रक्रिया अगाडि बढाउन आग्रह गरिएको छ ।

मन्त्रालयले गत भदौ २९ गते वैदेशिक रोजगार विभागलाई ई-७ भिसामा श्रमिक पठाउने प्रक्रिया रोक्न निर्देशन दिएको थियो । उच्च अदालत पाटनले पटक-पटक दिएको आदेश र नेपालस्थित कोरियाली राजदूतावासबाट प्राप्त कूटनीतिक नोटलाई आधार मानेर श्रमिक पठाउने प्रक्रिया अगाडि बढाउन परराष्ट्रलाई आग्रह गरिएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार वैदेशिक रोजगार ऐन, २०६४ को व्यवस्थालाई समेत आधार मानेर ई-७ भिसामार्फत श्रमिक पठाउने निर्णय गरिएको हो । मन्त्रालयले परराष्ट्र मन्त्रालयमार्फत सियोलस्थित नेपाली राजदूतावासलाई रोजगारदाताबाट प्राप्त मागपत्रलगायत आवश्यक कागजात प्रमाणीकरण गरी कार्यसम्पादन गर्नसमेत अनुरोध गरेको छ ।

क्रमशः पृष्ठ २ मा

## बढ्यो इपिएसको भिसा शुल्क

रोजगार अनुमति प्रणाली (इपिएस) मार्फत दक्षिण कोरिया जाने नेपाली श्रमिकको भिसा शुल्क बढेको छ । वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाले गत बुधबार सूचना जारी गर्दै नेपालस्थित कोरियाली राजदूतावासले लिने सिसिभिआई भिसा शुल्कमा ६०० रूपैयाँ वृद्धि भएको जानकारी दिएको हो ।

यसअघि १० हजार ७०० रूपैयाँ रहेको शुल्क अब ११ हजार ३०० रूपैयाँ पुगेको छ । नेपालस्थित कोरियाली राजदूतावासबाट प्राप्त पत्रका आधारमा नयाँ शुल्क लागू गरिएको शाखाले जनाएको छ ।

# शासकीय सुधारलाई निरन्तरता दिन सरकारलाई कांग्रेसको समर्थन

■ प्रभाव संवाददाता

**पाटन (ललितपुर)**– नेपाली कांग्रेसका सभापति गगन थापाले शासकीय सुधारलाई प्रभावकारीरूपमा अघि बढाउन सरकारलाई आफ्नो पार्टीको समर्थन रहेको बताएका छन् ।

नेपाली कांग्रेसको केन्द्रीय कार्यालय सानेपामा आइतबार आयोजित सरकारका १०० दिन र १०० बुँदे कार्यक्रमसम्बन्धी समीक्षा कार्यक्रममा उनले राजनीतिक स्थिरता कायम राख्दै सरकारले पाँच वर्षको जनादेशअनुसार काम गर्न पाउनुपर्ने धारणा व्यक्त गरे ।

प्रधानमन्त्रीको मुख्य जिम्मेवारी सिंहदरबारमा बसेर शासकीय सुधारलाई अघि बढाउनु रहेको उल्लेख गर्दै सभापति थापाले त्यसमा निरन्तरता कायम रहोस् भन्ने कांग्रेसको अपेक्षा रहेको बताए ।

उनले सरकारको कार्यशैलीका केही विषयमा पार्टीको असहमति रहे पनि प्रतिपक्षको जिम्मेवारीअनुसार रचनात्मक भूमिका निर्वाह गर्ने स्पष्ट पारे । 'राजनीतिक स्थिरता तलमाथि नहोस् भनेर हामी सरकारलाई समर्थन गरेका छौं । प्रश्न गर्नुपर्ने ठाउँमा प्रश्न गर्छौं, समर्थन गर्नुपर्ने ठाउँमा समर्थन गर्छौं,' उनले भने ।

विगतमा नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टीले पनि बहुमतको सरकार सञ्चालन गरेको स्मरण गर्दै सभापति थापाले बहुमतलाई देश र व्यवस्थाको हितमा सदुपयोग गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । सरकारले पाएको पाँच वर्षको जनादेशलाई सम्मान गर्दै त्यसलाई सफल बनाउन आवश्यक सहयोग गर्ने उनको भनाइ थियो ।

# जोखिममा परेका बालबालिकालाई सहयोग

**मान्मा (प्रस)**– कालीकोटको तिलागुफा नगरपालिकाले जोखिममा परेका बालबालिकालाई खाद्यान्न तथा शैक्षिक सामग्री वितरण गरेको छ । नगरपालिकाले जोखिममा परेका बालबालिकालाई बाल हित कोषमार्फत खाद्यान्न र शैक्षिक सामग्री वितरण गरेको हो ।

नगरपालिकाको बाल हित कोषमार्फत विपन्न, असहाय तथा विभिन्न कारणले जोखिममा परेका बालबालिकालाई राहत सामग्री प्रदान गरेको छ । नगरपालिकाभित्रका जोखिममा परेका ११५ बालबालिकालाई खाद्यान्न र शैक्षिक सामग्री वितरण गरेको नगरप्रमुख शंकरप्रसाद उपाध्यायले बताए । उनले बालबालिकाको संरक्षण, शिक्षा र समग्र विकासलाई नगरपालिकाले उच्च प्राथमिकतामा राखेको बताए । नागरिकको दुःख र अप्ठ्यारोमा स्थानीय सरकार सधैं साथमा रहने छ । आगामी दिनमा पनि यस्ता मानवीय तथा सामाजिक उत्तरदायित्वका कार्यक्रमलाई निरन्तरता दिइने उनको भनाइ छ ।

बालबालिकाको उज्ज्वल भविष्य निर्माणका लागि स्थानीय सरकार प्रतिबद्ध रहेको नगर उपप्रमुख महेन्द्रबहादुर शाहीले बताए ।


### दावी बिरोध सम्बन्धी ७ (सात) दिने सूचना

मिति २०८३।०३।१८ गते को साधारण सभा र विशेष साधारण सभाको निर्णय बमोजिम काठमाडौं जिल्ला बुढानिलकण्ठ नगरपालिका वडा नं ४ स्थित कार्यालय रहेको **होटल पबेरा प्रा.लि.** को (दर्ता नं २०९१८५/०७५/७६) ले कम्पनी रजिष्ट्रारको कार्यालय काठमाडौंमा यस प्रा.लि. को शेयर हक हिस्सा बिक्री वितरण गर्ने निर्णय गरेको हुँदा यस प्रा.लि. सँग तपाइको कुनै प्रकारको लेनदेन, कारोबार वा दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कम्पनीको कार्यालयमा सम्पर्क गर्नुहोला, सो पश्चात आएको उजुरीमा कुनै किसिमको कार्वाही नगरिने व्यहोरा सम्बद्ध सबैको लागि जानकारी गराइन्छ ।

**श्री राधेश्याम थापा**
**संचालक/अध्यक्ष**

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०७/२६ मा दर्ता भएको **प्रा. लि. नं. २२८०५३/०७६/०७७** को श्री **इन्टायर विजनेस सोलुसन्स प्रा. लि.** को मिति २०८३/०३/२१ को विशेष बैठकको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७५/११/१० मा दर्ता भएको प्रा.लि.नं. २०९२६१ को **श्री साइनो लज एण्ड रिसोर्ट प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०३/१६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### प्रयोगमा नआउने बिग्रिएका सामान लिलाम सम्बन्धी टाइम अफिस अटोमेसन प्रा.लि.को सूचना

*प्रकाशित मिति २०८३/०३/२२ गते, सोमबार*

मिति २०८३/०३/१८ गतेको सञ्चालक समितिको बैठकले तपसिल बमोजिमको रूजु भई पानीमा भिजेर काम नलाग्ने अवस्थामा रहेका ल्यापटप, प्रिन्टर लगायत सामानहरू लिलामीमा बिक्री गर्ने निर्णय गरेको हुँदा, उक्त सामानहरू जे जस्ता अवस्थामा छ सोही अवस्थामा खरिद गर्न इच्छुक फर्म कम्पनी वा व्यक्ति आफुले खरिद गर्न चाहेको दरभाउ खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

*नोट : थप जानकारीको लागि निम्न अनुसार सम्पर्क गर्नुहुन अनुरोध छ ।*

**ठेगाना कम्पनीको दर्ता कार्यालय :**
का.जि.का.म.पा.वडा नं.२९, पुतलीसडक, काठमाडौँ
सम्पर्क नं.+ ९७७-९८६२७४८५०९

**तपसिल**

| S.N. | Items | Quantity |
|---|---|---|
| 1 | Laptop | **102 Pc.** |
| 2. | All in One Acer C24 | 1 Pc. |
| 3. | Smart Board 65" | 1 Pc. |
| 4. | TV LG 65" | 1 Pc. |
| 5. | Monitor | 40 Pc. |
| 6. | Speaker | 191 Pc. |
| 7. | Headset | 27 Pc. |
| 8. | Adaptor | 75 Pc. |
| 9. | CC Camera | 10 Pc. |
| 10. | Router | 3 Pc. |
| 11. | Presenter | 31 Pc. |
| 12. | Keyboard | 82 Pc. |
| 13. | Cable | 175 Pc. |
| 14. | Tester Cable Network | 18 Pc. |
| 15. | Bluetooth Car | 1 Pc. |
| 16. | Mouse | 35 Pc. |
| 17. | Multiplug | 5 Pc. |
| 18. | UPS | 5 Pc. |
| 19. | Printer | 25 Pc. |
| 20. | Desktop CPU | 98 Pc. |


पृष्ठ १ बाट क्रमशः

## क्रियाशील सदस्यता...

कांग्रेसले आइतबारमात्र साउन ३ सम्मका लागि यो समय थप गरेको छ । वर्षालाई कारण देखाउँदै क्रियाशील सदस्यता अद्यावधिक गर्न समय थप गरिएको कांग्रेसले जनाएको छ ।

'नेपाली कांग्रेसको क्रियाशील सदस्यता फाराम वितरण तथा अनलाइन माध्यमबाट नयाँ क्रियाशील सदस्यताको विवरण पार्टीको केन्द्रीय प्रणालीमा प्रविष्ट गर्ने कार्यका लागि निर्धारित समयावधि २०८३ असार २० गतेसम्म कायम गरिएको थियो । तर, वर्षायामका कारण वडा तहदेखि क्षेत्रीय तहसम्म सदस्यतासम्बन्धी आवश्यक प्रक्रिया सम्पन्न हुन बाँकी रहेको, साथै अधिकतम नयाँ क्रियाशील सदस्यता विस्तारका लागि वडा तहसम्म पर्याप्त सूचना प्रवाह गर्ने कार्यसमेत जारी रहेकाले सम्बन्धित जिल्लामा खटिनुभएका केन्द्रीय प्रतिनिधिहरूबाट प्राप्त सुझावका आधारमा उक्त समयावधि २०८३ साउन ३ गतेसम्मका लागि थप गरिएको छ,' आइतबार पार्टी केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्ण दुलालले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

थापा सभापति भएपछि १५ औं महाधिवेशन गर्न क्रियाशील सदस्यता नवीकरण र अद्यावधिकको समय थप गरेको यो चौथोपटक हो । यसअघि गत वैशाख १ गते नेपाली कांग्रेस सदस्यता व्यवस्थापन केन्द्रीय समितिले जेठ २१ गतेसम्मको समय दिइएको थियो ।

जेठ २१ गतेसम्ममा अद्यावधिकको संख्या न्यून भएपछि पुनः एक हप्ताका लागि भन्दै यो समितिले जेठ २८ गते सम्म समय थप गरिएको थियो ।

■■■

## महाधिवेशन प्रविधिमैत्री...

तोकिएको समयभित्र स्वच्छ, निष्पक्ष र व्यवस्थितरूपमा सम्पन्न गर्ने लक्ष्यसहित विभिन्न निर्णय गरेको सदस्यसचिव कटुवालले बताए । बैठकले निर्वाचन प्रक्रियालाई डिजिटलाइजेसन गर्दै सकेसम्म पेपरलेस प्रणाली अपनाउने तथा इभिएम प्रविधिको प्रयोगलाई प्राथमिकता दिने निर्णय गरेको छ ।

'निर्वाचन कार्यमा स्वयंसेवकका रूपमा कानुन व्यवसायी तथा अन्य पेसागत समूहलाई सहभागी गराई रोस्टर तयार गर्ने, उनीहरूलाई अभिमुखीकरण (ओरिएन्टेसन) प्रदान गरी आवश्यकताअनुसार निर्वाचन अधिकृतका रूपमा परिचालन गर्ने निर्णय पनि बैठकले गरेको छ । नेपाली कांग्रेसको १५औं केन्द्रीय महाधिवेशनमा प्रविधिको उच्चतम प्रयोग गर्ने लक्ष्य लिएको छ । साथै, निर्वाचन प्रक्रियालाई डिजिटलाइजेसन अर्थात पेपरलेस प्रविधि वा इभिएम प्रविधिलाई प्राथमिकताका साथ अगाडी वढाउने निर्णय गर्दछ,' निर्वाचन समितिले भनेको छ ।

त्यस्तै, निर्वाचन प्रक्रिया सुरु भएपछि निर्वाचनसम्बन्धी आचारसंहिता लागू हुने भएकाले विधानमा अन्यथा उल्लेख भएकाबाहेक निर्वाचन अवधिभर केन्द्रीय कार्यसमितिलगायत सबै तह र निकायलाई आचारसंहिता पूर्णरूपमा पालना गर्न आग्रह गर्ने निर्णय पनि गरिएको छ ।

■■■

## वालेन्द्र सरकारविरुद्ध...

प्रदेश संरचना खारेज गर्ने विषय सार्वजनिक बहसमा आएपछि प्रधानमन्त्री तथा रास्वपा सभापति रवि लामिछानेले स्पष्टीकरण दिनुपरेको अवस्थाले पनि सरकारभित्र स्पष्ट वैचारिक दिशा नभएको अर्यालको विश्लेषण छ ।

उनले संविधान र लोकतान्त्रिक प्रणालीप्रति प्रतिबद्ध सबै राजनीतिक शक्तिले अब साझा रूपमा सरकारलाई खबरदारी गर्नुपर्ने आवश्यकता औंल्याइन् ।

यस्तै प्रमुख विपक्षी दल नेपाली कांग्रेसका सहमहामन्त्री प्रकाश स्नेही रसाइलीले संविधानका आधारभूत मान्यतामाथि वालेन्द्र सरकारले हस्तक्षेप गर्ने कुनै पनि प्रयास स्वीकार्य नहुने बताएका छन् । उनले संशोधनका नाममा शासकीय स्वरूप परिवर्तन गर्ने बहसले जनादेशको भावनाविपरीत जाने तर्क गरे ।

'संशोधनका नाममा शासकीय स्वरूप परिवर्तन गर्ने बाटोमा रास्वपा र यो सरकार उद्धत देखिन्छ । विशेषगरी प्रत्यक्ष कार्यकारी र संघीयता विघटन गर्छु भनेर उसले चुनाव जितेको होइन । रास्वपाको वाचापत्रमा त्यो कतै छैन,' रसाइलीले भने ।

उनले सरकार बनेको तीन महिना नपुग्दै रास्वपाले राष्ट्रिय महाधिवेशनबाट संघीयता विरोधी प्रतिवेदन पारित गराउनु गम्भीर विषय भएको बताए । उनका अनुसार अहिलेको संसदीय व्यवस्थामा देखिएका समस्या व्यवस्थाका कारणभन्दा पनि नेतृत्वको कार्यशैलीका कारण उत्पन्न भएका हुन् ।

'प्रतिनिधिमूलक शासकीय स्वरूप उपयुक्त हो । यस्तो सुविधाजनक बहुमत प्राप्त गर्दा पनि काम गर्न नसक्नु व्यवस्थाको कमजोरी होइन, नेतृत्वको कमजोरी हो,' उनले भने ।

नेकपा नेता लिलामणि पोखरेलले पार्टीले वालेन्द्र सरकारविरुद्ध तीन तहको रणनीति अघि बढाएको बताएका छन् । उनले पहिलो पार्टी पुनर्गठन, दोस्रो वामपन्थी तथा समाजवादी शक्तिहरूसँग कार्यगत एकता र तेस्रो संविधान तथा संघीय लोकतान्त्रिक गणतन्त्रमाथि देखिएका चुनौतीविरुद्ध लोकतान्त्रिक शक्तिहरूसँग सहकार्य ।

'लोकतान्त्रिक आन्दोलनका पक्षधर, १२ बुँदे सम्झौताका पक्षधर र संविधान निर्माणमा सहकार्य गरेका राजनीतिक दलहरूबीच निश्चित विषयमा समझदारी र सहकार्यको जरुरी छ,' उनले भने ।

उनका अनुसार कांग्रेस, एमाले र नेकपा आ-आफ्ना आन्तरिक काममा व्यस्त रहेकाले सहकार्यको औपचारिक मोडालिटी तय भइसकेको छैन । यद्यपि, नेताहरूबीच निरन्तर संवाद भइरहेको र छिट्टै साझा एजेण्डामा छलफल अघि बढ्ने उनले बताए ।

■■■

## सीपयुक्त...

उक्त पत्रको बोधार्थ वैदेशिक रोजगार विभाग र सियोलस्थित नेपाली राजदूतावासलाई पठाइएको छ ।

यसअघिको सरकारले सरकार-सरकार (जिटुजी) प्रणालीमार्फत ई-७ भिसामा श्रमिक पठाउने तयारी गरेको थियो । म्यानपावरलाई कोरिया पठाउने जिम्मा दिँदा रोजगार अनुमति प्रणाली (इपिएस) कमजोर हुने, श्रमिकहरू व्यवसायीबाट विभिन्न खाले शोषणमा पर्ने भन्दै विरोध हुँदै आएको थियो । वैदेशिक रोजगार व्यवसायीहरूले व्यवसायी-व्यवसायी (बिटुबी) प्रणालीबाटै श्रमिक पठाउने व्यवस्था गर्न निरन्तर लबिइङ गर्दै आएका थिए । कोरियाले पनि बिटुबी प्रणालीबाटै दक्ष जनशक्ति लैजान चाहेकोले जिटुजी प्रणालीमार्फत पठाउने प्रयास असफल भएको मन्त्रालयका एक उच्च अधिकारीले बताए ।

### ८५ थरीका सीपयुक्त श्रमिकलाई अवसर

दक्षिण कोरियामा ई-७ भिसामार्फत सीपयुक्त जनशक्ति पठाउँदा विभिन्न ८५ थरी सीप भएका श्रमिकहरूले अवसर पाउने भएका छन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट स्वीकृत 'कोरियामा सीपयुक्त श्रमिक पठाउनेसम्बन्धी कार्यविधि, २०८०' मा यसरी जाने श्रमिकलाई चार वर्गमा विभाजन गरिएको छ ।

कार्यविधिको अनुसूची-१ मा गरिएको वर्गीकरणमा व्यावसायिक, अर्धव्यावसायिक, साधारण दक्ष श्रमिक र दक्ष श्रमिक भनी उल्लेख गरिएको छ । यी विभिन्न वर्गअन्तर्गतका ८५ थरीका सीपयुक्त जनशक्ति जान सक्ने छन् ।

व्यावसायिक जनशक्तिलाई म्यानेजर र विशेषज्ञ गरी दुई प्रकारमा विभाजन गरिएको छ । जसअन्तर्गत पर्ने विभिन्न ६७ थरीका सीप जानेकाहरूलाई लगिने उल्लेख गरिएको छ । अर्धव्यावसायिकमा कार्यालय कर्मचारी र सेवा क्षेत्रका कर्मचारीअन्तर्गतका नौ थरी सीप भएका जनशक्ति लगिने भनिएको छ । त्यस्तै साधारण दक्ष जनशक्तिमा छ थरीका र दक्ष श्रमिकमा तीन थरीका जनशक्ति छन् ।

हालसम्म रोजगार अनुमति प्रणाली (इपिएस) मार्फत अदक्ष श्रमिकमात्रै कोरियाले लगिरहेको छ । निजी क्षेत्रमार्फत पठाइने ई-७ भिसामा वैदेशिक रोजगार विभागको स्वीकृतिमा मौसमी कामदारबाहेकका जनशक्ति पठाउन सकिने छ ।

म्यानपावरमार्फत कोरिया पठाउँदा लाग्ने लागत इपिएस प्रणालीबमोजिम लाग्ने सेवा शुल्कमा नबढ्नेगरी हुने कार्यविधिमा भनिएको छ । यसरी जानका लागि आधारभूत कोरियन भाषा र पेसागत सीप हासिल गरेको हुनुपर्ने छ । ई-७ भिसामा रोजगारदाता आफैंले श्रमिकको भाषा र सीपको निःशुल्क परीक्षण गर्ने भनिएको छ ।

## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**सोमबार, २२ असार, २०८३**

| | |
|---|---|
| **मेष** | आर्थिक लाभका अवसर देखिन्छन कार्यक्षेत्रमा प्रशंसा प्राप्त हुन सक्छ । स्वास्थ्य सामान्य रहनेछ । |
| **वृष** | नयाँ काम सुरु गर्न वा निर्णय लिन अनुकूल समय छ । परिवारबाट साथ र सहयोग मिल्नेछ । |
| **मिथुन** | गोप्य योजना अरूसँग साझा नगर्नुहोस ध्यान र विश्रामले मानसिक शान्ति मिल्नेछ । |
| **कर्कट** | मित्र तथा सहकमीबाट सहयोग प्राप्त हुनेछ। आम्दानीका नयाँ स्रोत खुल्न सक्छन् । |
| **सिंह** | पेशागत क्षेत्रमा राम्रो उपलब्धि मिल्ने सम्भावना छ । वरिष्ठ व्यक्तिको सहयोग प्राप्त हुनेछ । |
| **कन्या** | अध्ययन, वैदेशिक योजना वा लामो यात्राका विषयमा सकारात्मक संकेत देखिन्छ । |
| **तुला** | साझेदारी तथा आर्थिक कारोबारमा सावधानी अपनाउनुहोस् । |
| **वृश्चिक** | नयाँ कामको अवसर मिल्न सक्छ। आर्थिक पक्षमा सुधार हुनेछ । परिवारको सहयोग प्राप्त हुनेछ । |
| **धनु** | व्यवसाय र जागिरमा प्रगति हुने दिन छ। पुरानो रोकिएको काम अघि बढ्ने सम्भावना छ । |
| **मकर** | आत्मविश्वास बढ्नेछ । अध्ययन, लेखन र सञ्चार क्षेत्रमा सफलता मिल्ने योग छ । |
| **कुम्भ** | घरपरिवारसँग सम्बन्धित जिम्मेवारी बढ्न सक्छ । भावनामा बगेर निर्णय नगर्नुहोस् । |
| **मीन** | छोटो यात्रा वा महत्वपूर्ण भेटघाटको सम्भावना छ । नयाँ योजना सुरु गर्न दिन राम्रो छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२२ असार, २०८३ (६ जुलाई २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५२.०४ | १५२.६४ |
| युरो | १ को | १७३.९६ | १७४.६५ |
| पाउन्ड स्टिर्लङ | १ को | २०२.९९ | २०३.७९ |
| स्विस फ्रैन्क | १ को | १८९.३० | १९०.०५ |
| अस्ट्रेलियन डलर | १ को | १०५.५० | १०५.९२ |
| क्यानाडियन डलर | १ को | १०७.१८ | १०७.६१ |
| सिङगापुर डलर | १ को | ११७.७९ | ११८.२६ |
| जापानी येन | १० को | ९.४४ | ९.४७ |
| चिनियाँ युआन | १ को | २२.४१ | २२.५० |
| साउदी अरब रियाल | १ को | ४०.४९ | ४०.६५ |
| कतारी रियाल | १ को | ४१.७१ | ४१.८८ |
| थाई भाट | ख १ को | ४.५९ | ४.६१ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.४० | ४१.५६ |
| मलेसियन रिङेट | १ को | ३७.३५ | ३७.४९ |
| दक्षिण कोरियन वन | १०० को | ९.९३ | ९.९७ |
| स्विडिस क्रोनर | १ को | १५.७६ | १५.८२ |
| डेनिस क्रोनर | १ को | २३.२८ | २३.३७ |
| हङकङ डलर | १ को | १९.३९ | १९.४६ |
| कुवेती दिनार | १ को | ४९३.८० | ४९५.७५ |
| बहराइन दिनार | १ को | ४०३.३० | ४०४.८९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

# एनएफपिजेको 'तीनदिने फोटो पत्रकारिता' तालिम सम्पन्न

**काठमाडौं (प्रस)–** राष्ट्रिय फोटो पत्रकार समूह (एनएफपिजे) नेपालले सूचना तथा सञ्चार मन्त्रालयको सहयोगमा आयोजना गरेको 'तीनदिने फोटो पत्रकारिता' तालिम आइतबार सम्पन्न भएको छ ।

यही असार १९ देखि २१ गतेसम्म काठमाडौंस्थित द ब्रिटिस कलेज, थापाथलीमा सञ्चालन गरिएको तालिममा देशका विभिन्न सञ्चारमाध्यममा कार्यरत फोटो पत्रकार, पत्रकार तथा फोटोग्राफी क्षेत्रमा रुचि भएका ६० जनाको सहभागिता रहेको कार्यक्रम संयोजक घनश्याम श्रेष्ठले जानकारी दिए ।

तालिमको उद्देश्य फोटो पत्रकारको व्यावसायिक क्षमता अभिवृद्धि गर्नु, समाचार तस्बिरको गुणस्तर सुधार गर्नु, क्याप्सन लेखन, फोटो सम्पादन तथा दृश्य कथन (भिजुअल स्टोरीटेलिङ)सम्बन्धी ज्ञान र सीप विकास गर्नुका साथै फोटो पत्रकारिताको नैतिकता, उत्तरदायित्व तथा आधुनिक डिजिटल प्रविधिको प्रभावकारी प्रयोगबारे जानकारी गराउनु रहेको आयोजकले जनाएको छ ।



तीनदिने तालिममा फोटो पत्रकारिताको परिचय र विकास, समाचार मूल्य तथा फोटो छनोट, फोटो क्याप्सन लेखन, दृश्य कथन, फोटो सम्पादन, प्रकाश व्यवस्थापन, क्यामरा सेटिङ, ब्रेकिङ न्युज कभरेज, फोटो पत्रकारिताको आचारसंहिता तथा नैतिकता, स्थलगत अभ्यास, फोटो समीक्षालगायत विषयमा प्रशिक्षण प्रदान गरिएको थियो । तालिममा वरिष्ठ फोटो पत्रकार तथा प्रशिक्षक सुनील सी बज्राचार्य, एनएफपिजेका अध्यक्ष प्रदीपराज वन्तले सहजीकरण गरेका थिए ।

आइतबार आयोजित समापन कार्यक्रममा संस्थाका पूर्वअध्यक्ष एवं वरिष्ठ फोटो पत्रकार मिनरत्न बज्राचार्यले प्रशिक्षार्थीलाई प्रमाणपत्र वितरण गरे । उनले यस्ता सीपमूलक तालिमले फोटो पत्रकारहरूको व्यावसायिक दक्षता, सिर्जनशीलता तथा जिम्मेवारीबोध अभिवृद्धि गर्न महत्त्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरे ।

तालिमका सहभागीहरूले सैद्धान्तिक कक्षासँगै व्यावहारिक अभ्यास, समूह छलफल तथा स्थलगत फोटोग्राफीमा सक्रिय सहभागिता जनाएका छन् । अन्तिम दिन सहभागीले खिचेका तस्बिरहरूको समीक्षा तथा मूल्यांकनसमेत गरिएको थियो । एनएफपिजेका अध्यक्ष वन्तले यस्ता क्षमता अभिवृद्धिमूलक कार्यक्रमले नेपाली फोटो पत्रकारिताको गुणस्तर थप सुदृढ बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्दै आगामी दिनमा पनि यस्ता तालिमलाई निरन्तर सञ्चालन गरिने बताए ।

# प्रविधिमार्फत निगरानी बढाउँदै ट्राफिक प्रहरी

**काठमाडौं–** काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले प्रविधिको प्रयोगमार्फत निगरानी बढाएको छ । सिसिटिभी क्यामरा तथा अटोमेटिक नम्बर प्लेट रिकग्नाइजेसन (एएनपिआर) प्रणालीको प्रयोग गरी नियम उल्लंघन गर्ने सवारी चालकलाई निगरानी गर्दै कारबाहीलाई तीव्र बनाएको जनाएको छ ।

कार्यालयका अनुसार प्रविधिमार्फत निगरानी बढाएपछि कारबाहीमा पर्ने सवारी चालकको संख्या उल्लेख्य बढेको छ । कार्यालयले एक वर्षमा कूल ३८ हजार ७७८ जना चालकलाई कारबाही गरिएको कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिए ।

'चालकले सिटबेल्ट लगाएको छ वा छैन, सवारी चलाउँदै मोबाइल फोन प्रयोग गरेको छ वा छैन, धूमपान गरेको छ वा छैन भन्ने विवरणसमेत क्यामेराले रेकर्ड राख्छ,' उनले भने, 'चालकले ट्राफिक नियम उल्लंघन गरेको पुष्टि भएपछि सम्बन्धित चालकलाई कानुनअनुसार कारबाही गरेका छौं ।'

ट्राफिक प्रहरीका अनुसार सडकमा नियम उल्लंघन गरेर भाग्ने सवारी चालकलाई उक्त क्यामेरामार्फत पहिचान गरी जरिवाना तथा कानुनी कारबाही गरिँदै आइएको छ । साथै एएनपिआर क्यामेराले सवारीसाधनको नम्बर प्लेटमात्र होइन, चालकको गतिविधिसमेत निगरानी गर्ने गरेको छ ।

कार्यालयको तथ्यांकअनुसार २०८२ वैशाखदेखि २०८३ असार २० गतेसम्म एएनपिआर क्यामेराको सहायताले १५ हजार ९५४ जना चालकलाई कारबाही गरिएको छ । त्यस्तै, सोही अवधिमा सिसिटिभी क्यामराको निगरानीबाट २२ हजार ८२४ जना चालकलाई जरिवानासहित कारबाही गरिएको छ ।

कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सुरेशप्रसाद काफ्लेले आधुनिक प्रविधिले ट्राफिक व्यवस्थापनसँगै दुर्घटना अनुसन्धानमा महत्वपूर्ण सहयोग पुगेको बताए । उनका अनुसार कुनै सवारी दुर्घटना गराएर फरार भए पनि क्यामराले सम्बन्धित मार्गबाट गुज्रिएका सवारीको नम्बर प्लेट र विवरण सुरक्षित राख्ने भएकाले अनुसन्धान र कारबाही गर्न सहज भएको छ ।

उनले भने, 'दुर्घटना गराउने सवारी चालक भागे पनि उक्त सवारीको रङ, नम्बर प्लेट वा अन्य विवरणका आधारमा सम्बन्धित सवारी धनीसम्म पुगेर आवश्यक कानुनी कारबाही गर्ने गरेका छौं ।' *रासस*

# पानी पर्न थालेपछि डेंगी संक्रमणको जोखिम बढ्ने

**काठमाडौं–** पानी पर्न थालेपछि डेंगी संक्रमणको जोखिम बढ्ने भएकाले आवश्यक सतर्कता अपनाउन इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले सबैमा अनुरोध गरेको छ । महाशाखाका कीटजन्य रोग शाखा प्रमुख डा. गोकर्णप्रसाद दाहालले दैनिक पानी पर्न थालेपछि डेंगीको जोखिम पनि बढ्ने भएकाले सतर्कता अपनाउन सबैलाई आग्रह गरे ।

'केही दिनअघि परेको पानीले डेंगी संक्रमण बढाउने खतरा रहेको छ,' उनले भने, 'आकाशबाट परेको पानी जम्मा हुँदा त्यसमा डेंगी सार्ने लामखुट्टेको विकास हुने गर्दछ । त्यही लामखुट्टेले डेंगी सार्ने गर्दछ ।' उनले पानी पर्न सुरु गरेकाले डेंगी संक्रमणको जोखिम पनि बढ्ने बताए । उनले डेंगीबाट बच्न आवश्यक सतर्कता अपनाउन सबैलाई आग्रह गरे ।

असार ९ गतेदेखि १५ गतेसम्म ६३ जनामा डेंगी देखिएको जनाउँदै डा. दाहालले अहिले दैनिक जस्तो पानी परिरहेकाले सडक, घर छेउछाउका पानी जम्नसक्ने खल्डाखुल्डीमा लामखुट्टेका प्रजाति विकसित हुने हुँदा संक्रमण बढ्न सक्ने बताए । डेंगीबाट बच्न घर वरिपरिका खल्डाखुल्डीमा पानी जम्न नदिने, नियमित सरसफाइ गर्ने, सुत्ने बेला झुलको प्रयोग गर्नेलगायत उपाय अपनाउन सकिने उनले सुझाव दिए ।

कीटजन्य रोग शाखा प्रमुख डा. दाहालका अनुसार डेंगी संक्रमणको जोखिम असारदेखि कात्तिकसम्म कायम रहन्छ । 'पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती फुलबाट लार्भा निस्कन्छ । त्यही लार्भा वयस्क भएर मानिसलाई टोकेपछि डेंगी रोग लाग्दछ । तसर्थ लामखुट्टेले फुल पार्नसक्ने सम्भावित ठाउँ पहिचान गरी सरसफाइमा विशेष ध्यान दिनु जरुरी छ,' उनले भने । *रासस*

# डोल्पामा जिप दुर्घटना: एक जनाको मृत्यु, ११ घाइते

**कर्णाली (प्रस)–** डोल्पाको जगदुल्ला गाउँपालिका-४ मौरेलेखमा आइतबार बोलेरो जिप दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । जगदुल्ला-४ माझगाउँबाट जुम्लातर्फ जाँदै गरेको कर्णाली प्रदेश ००१ ज ००५२ नम्बरको बोलेरो जिप आइतबार दिउँसो अनियन्त्रित भई सडकबाट अन्दाजी २५ मिटर तल खस्दा दुर्घटना भएको हो ।

दुर्घटनामा त्रिपुरासुन्दरी नगरपालिका-८ डोल्पाका ३८ वर्षीय विष्णु बुढाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय डोल्पाका सूचना अधिकारी एवं प्रहरी निरीक्षक पद्म रावलले जानकारी दिए । उक्त जिपमा चालकसहित १२ जना सवार रहेकामा अन्य ११ जना घाइते भएका छन् ।

उनका अनुसार घाइते हुनेमा डोल्पा त्रिपुरासुन्दरी नगरपालिका-७ का ४६ वर्षीय नन्दराम शाही, वडा नं ३ का २६ वर्षीय धनबहादुर डाँगी, जगदुल्ला गाउँपालिका-६ का २८ वर्षीय लालदेवी रोकाय, चार वर्षीय आवास रोकाय, २४ वर्षीया कर्णसरा बुढा, २४ वर्षीय धीरेन्द्र बूढाथोकी, दुई वर्षीय प्रितम बुढा, काइके गाउँपालिका-३ का ४४ वर्षीय भीमप्रसाद बुढा रहेका छन् ।

त्यस्तै, उक्त दुर्घटनामा परी जुम्लाको सिञ्जा गाउँपालिका-३ का ६२ वर्षीय डिल्लीप्रसाद उपाध्याय, गोठीचौर गाउँपालिका-४ का ६४ वर्षीय नित्यानन्द अधिकारी र बोलेरो चालक चन्दननाथ नगरपालिका-८ का अन्दाजी ३५ वर्षीय विन्दास रावल घाइते भएका प्रहरी निरीक्षक रावलले जानकारी दिए ।

घाइतेहरूको उद्धार गरी उपचारका लागि चन्दननाथ नगरपालिकाको एम्बुलेन्स र एउटा गाडीमार्फत कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लामा पठाइएको सूचना अधिकारी रावलले बताए । उनका अनुसार दुर्घटना कसरी भएको हो भन्नेबारे अनुसन्धान भइरहेको छ ।


## मोटरसाइकल हराएको सूचना

मिति २०८३।०३।१९ गते का.जि.का.म.न.पा. वडा नं.२६ मित्रनगर चाँदनी दोहोरी नजिक खालि जग्गामा पार्किङ गरी राखिएको अवस्थामा कालो, रातो रङ्को पल्सर १५० सि.सि. मोटरसाइकल रातको अन्दाजी १० देखि २ बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : बुद्धि बहादुर तामाङ**
**बाइक नं.: बा.प्र.-०२-०६६ प १५६३**
**च्यासिस नं.: MO2A11CXLIPM52612**
**इन्जिन नं. : DHXPTL86925**
**ठेगाना : सिन्धुपाल्चोक, पाचपोखरी थाङ्पाल-५**
**सम्पर्क नं. ९८४३१५१५७६**



## MRP मूल्य सूची

**Jyoti Trading House द्वारा बिक्री वितरण गर्दै आएका निम्न विवरणका मालवस्तुहरूको अधिकतम खुद्रा मूल्य (MRP) सर्वसाधारणलाई जानकारीको निमित यो सूचना प्रकाशन गरिएको छ ।**

| सि. नं. | पैठारीकर्ताका नाम, ठेगाना | स्थायी लेखा नंबर | आकार/ प्रकार | ब्राण्ड | मोडल | क्षमता | अधिकतम खुद्रा बिक्री मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1. | Jyoti Trading House | 603711602 | AWSM8000 | AWAI | Washing Machine | 8kg | 25,000/- | |

**Jyoti Trading House** | Kalimati, Kathmandu, Nepal, Ph : 01-4284654



## साउदीमा रोजगार

कम्पनी : ZAINAB JASSIM BIN ABDULLAH AL-HAMAD GENERAL CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८३/०३/२१ | LT. No. 344419 | चलानी नं. ६०२५७६५४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load unload Worker | 1 | 0 | 1000 | ४०,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २९ गते (13th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1336/074/075

**Sulav Recruitment Pvt.Ltd.**
Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : 01-5903011, Baburam Dahal 9803123205, Mohan Basnet (9707074771)
Email: recruitment.sulav24@gmail.com, Website: www.hrsulav.com



## मलेसियामा रोजगार

कम्पनी : YKM ENGINEERING SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/२७ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/03/२१ | LT. No. 340557 | चलानी नं. ६०२५३९५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 17 | 0 | 1700 | ६३,७१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २९ गते (13th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No- 1168/073/074

**MINAWA RECRUITMENT H.R. PVT LTD**
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com



## मलेसियामा रोजगार

कम्पनी : KAWALAN KESELAMATAN PRESTASI MEWAH SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०९/०५ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/03/२१ | LT. No. 335441 | चलानी नं. ६०२५०१६४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 67 | 0 | 1700 | ६३,७१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २९ गते (13th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 300/059/60

**TRANS WORLD Manpower CO.(P) Ltd.**
3rd Floor, Josi Complex/ Opp. Padmodaya High School/ Exhibition Road, Kathmandu
Tel: 00977-1-4219272, 4219282, 2042104/ 9841378643 Guna Lal Rai ( 9768570820), Email: twmanpower@wlink.com.np



## कुवेतमा रोजगार

कम्पनी : ARABIAN CEMENT FACTORY

पूर्व स्वीकृति मिति : २०८३/03/२१ | LT. No. 344234 | चलानी नं. ६०२५७६०३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/factory Worker | 49 | 0 | 120 | ५८,८२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Duty Driver (Trailor) | 11 | 0 | 200 | ९८,040 | | | | | | | |
| 3. | Heavy Duty Driver (Truck) | 11 | 0 | 180 | ८८,२३६ | | | | | | | |
| 4. | Light Drivers(G.R.) | 10 | 0 | 140 | ६८,६२८ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असार २९ गते (13th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं १८२६/०८२/८३

**NEW CENTURY INTERNATIONAL RECRUITMENT PVT.LTD.**
KMC-09, Sinamangal, Kathmandu, Nepal, Tel +977-1-5928185, Mob : 9712036985, 9712036986
E-Mail : newcenturyirsp@gmail.com, Website : www.newcentury.com.np



## साउदी/युएइमा रोजगार

कम्पनी : RAFA CONTRACTING ESTABLISHMENT FOR RENTALS

पूर्व स्वीकृति मिति : २०८३/03/२१ | LT. No. 344362 | चलानी नं. ६०२५७६१६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 5 | 0 | 2500 | १०१,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : D H W S BUILDING CONTRACTING CO. L.L.C

पूर्व स्वीकृति मिति : २०८३/03/२१ | LT. No. 344462 | चलानी नं. ६०२५७६१७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 55 | 0 | 1000 | ४०,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २९ गते (13th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1016/068/69

**RADIANT OVERSEAS PVT. LTD.**
Kathmandu-09, Bhimsengola, Nepal, Contact: +97714117963,
E-mail : radiant.overseasktm@gmail.com, Web: radiantoverseas.com.np



## युएइमा रोजगार

कम्पनी : LAROSHA BEAUTY & FITTNESS CENTER

पूर्व स्वीकृति मिति : २०८३/03/१७ | LT. No. 344240 | चलानी नं. ६०२५७५२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairstylist | 0 | 1 | 1500 | ६२,३२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Manicurist | 0 | 1 | 1500 | ६२,३२१ | | | | | | | |

कम्पनी : LEVERT LADIES SPA CENTER

पूर्व स्वीकृति मिति : २०८३/03/१७ | LT. No. 344241 | चलानी नं. ६०२५७६०२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 2 | 1500 | ६२,३२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Manicurist | 0 | 4 | 1500 | ६२,३२१ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २९ गते (13th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1726/081/082

**S.N.K. FACILITIES MANAGEMENT PVT. LTD.**
Bafal-13, Kathmandu, Nepal, T: 01-5922923
Mob: 9851049837, Email:- snkhrc@gmail.com, Web: www.snkmanpower.com


## ग्लोबल आइएमई बैंक लिमिटेडको

## तपसिलमा उल्लिखित ऋणीहरुलाई ऋण कर्जा भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८३/०३/२२ गतेको प्रभाव राष्ट्रिय दैनिक**

यस बैंकबाट तपसीलमा उल्लिखित ऋणीले उपभोग गर्नु भएको ऋण/कर्जा निज ऋणीले बैंकसँग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नुभएकोले कर्जासँग सम्बन्धित सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तारताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत/संस्थागत/ धितो जमानतकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकमा सम्पर्क राखी कर्जाको सम्पूर्ण बाँकी साँवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नु होला । अन्यथा यस बैंकसँग भए गरेको सम्झौता तथा लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना/ बाँकी बक्यौता रकम असुलउपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन, परिपत्र, सूचना अनुसार सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ । साथै सुरक्षण वापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण बाँकी बक्यौता लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानतकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

<table>
<tr><th colspan="3">सुन्धारा ॥ शाखा, काठमाडौं</th></tr>
<tr><th>ऋणीको विवरण</th><th colspan="2">व्यक्तिगत जमानत दिनेको विवरण</th></tr>
<tr><td>नेपाल सरकार, उद्योग मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौंमा दर्ता नं. ९२६८४/०६८/०६९ अन्तर्गत मिति २०६९/०१/१३ मा दर्ता कायम भएको पानोरमा रिसोर्ट एण्ड स्पा प्रा.लि.<br>कम्पनी दर्ता ठेगाना : नित्य चण्डेश्वरी ७, काभ्रेपलाञ्चोक<br>स्थायी लेखा नं. ६००६३३८०८, मिति : २०६९/०२/२९<br>संचालक : चञ्चल नकर्मी<br>कर्जा शिर्षक : आवधिक कर्जा</td><td>चञ्चल नकर्मी<br>ना.प्र.नं. २७-०१-७४-०३५६४<br>जारी मिति : २०७४/०३/१५<br>जि.प्र.का. काठमाडौं<br>बाबुको नाम : सूर्य बहादुर नकर्मी<br>बाजेको नाम : पारसिंह नकर्मी<br>स्थायी ठेगाना : चन्द्रागिरी न.पा. -६ काठमाडौं</td><td>सर्मिला कार्की<br>ना.प्र.नं. ७९-४४८, जारी मिति : २०४६/०२/२३<br>जि.प्र.का. काठमाडौं<br>बाबुको नाम : चन्द्र बहादुर कार्की<br>पतिको नाम : चञ्चल नकर्मी<br>ससुराको नाम : सूर्य बहादुर नकर्मी<br>स्थायी ठेगाना : चन्द्रागिरी न.पा. -१५ काठमाडौं<br>हालको ठेगाना : चन्द्रागिरी न.पा. -६ काठमाडौं</td></tr>
</table>

**नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

**Global IME Bank**
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

**कर्पोरेट कार्यालय: कमलादी, काठमाडौं**
**फोन नं.: ०१-५३२८६७१/५३२६३४७**
**ग्लोबल कनेक्ट: ०१-५९७०६००**


## साउदीमा रोजगार

कम्पनी : FLOW AL BAN BEVERAGE ESTABLISHMENT | शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८२/१०/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/03/२१ | LT. No. 338269 | चलानी नं. ६०२५१७७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 1 | 0 | 1200 | ४८,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ALOMAIER TRADING & CONTRACTING CO is a closed joint stock company | शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८२/०८/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/03/२१ | LT. No. 334469 | चलानी नं. ६०२४८२३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Road Maintance Worker | 2 | 0 | 1000 | ४०,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : COFFEE AXES CAFE for Serving Beverages | शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८३/03/२१ | LT. No. 344383 | चलानी नं. ६०२५७६२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Server | 1 | 0 | 1200 | ४८,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २९ गते (13th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np

श्रम ईजाजत नं. ३८४/०५९/०६०

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# डेंगु संक्रमणबाट जोगिन सतर्कता अपनाऔं

मध्ये असार लागेसँगै वर्षा सुरु भएको छ । गर्मी र वर्षाका कारण लामखुट्टेको बिगबिगी पनि बढ्दो छ । यसले गर्दा डेंगु संक्रमण बढ्दै गएको देखिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका कीटजन्य रोग शाखाका अनुसार पछिल्लो हप्तामै ६३ जनामा डेंगु सक्रमण देखिएको छ । गत पुसयता भने एक हजार ४२ जनामा यो संक्रमण भएको देखिन्छ । यो अवधिमा ७१ जिल्लामा संक्रमण पुष्टि भएकोमा भौगोलिकरूपमा झापा, सुनसरी, काठमाडौं, कास्की, चितवन, ओखलढुंगा, मकवानपुर र पाल्पा डेंगुबाट सबैभन्दा बढी प्रभावित बनेका छन् ।

वर्षाका बेला खल्डाखुल्डीमा पानी जम्मा हुँदा पनि डेंगुको जोखिम बढेको हो । किनभने संकलन गरिएको पानीमा लामखुट्टे रहने गर्दछ । त्यही लामखुट्टेले टोक्ने भएकाले डेंगुको संक्रमण बढेको मन्त्रालयको भनाइ छ । मन्त्रालयले यस वर्ष सरदरभन्दा बढी वर्षा हुने आँकलन गरिएकाले मनसुनको समयमा लामखुट्टेको प्रजनन अवस्था अनुकूल बन्नसक्ने र डेंगुको संक्रमण पनि बढ् नसक्ने आँकलन गरेको छ ।

महाशाखाका अनुसार डेंगु संक्रमणको जोखिम असारदेखि कात्तिकसम्म कायम रहन्छ । पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती फुल लार्भा निस्कन्छ । त्यही लार्भा वयस्क भएपछि टोकेपछि डेंगु रोग लाग्दछ । डेंगु संक्रमण अझै बढ्ने भएकाले सतर्कता अपनाउनुपर्नेमा स्वास्थ्य मन्त्रालयका अधिकारीहरूको जोड छ ।

डेंगुबाट बच्ने सबैभन्दा उत्तम उपाय भनेको लामखुट्टेको टोकाइबाट बच्नु रहेकाले आफ्नो घर वरिपरि तथा कार्यस्थलमा पानी जम्न नदिने हो । पानी जमेको ठाउँमा लामखुट्टेले फुल पार्ने भएको हुँदा पानी जम्न नदिने, घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने, जुनसुकैबेला झुलको प्रयोग गर्ने र पूरै शरीर छोपिने लुगा लगाउनेजस्ता कुरामा ध्यान दिनुपर्दछ । संक्रमितलाई झुलभित्र मात्र आराम गराउने वा सुताउने, संक्रमितको हेरचाहमा खटिँदा पूरा बाहुला भएको लुगा लगाउने, लामखुट्टे धूप, कोइला व लिक्विड बाल्ने, घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने र घर वरपर पानी जम्न नदिनेजस्ता उपाय अपनाउन चिकित्सको सुझाव छ ।

उच्च ज्वरो आउने, जोर्नी तथा मांसपेशी बेस्सरी दुख्नु, आँखाको गेडी बेस्सरी दुख्नु, टाउको दुख्नु, शरीरमा राता बिमिरा आउनु, वाकवाकी लाग्नु तथा वान्ता हुनुजस्ता लक्षण देखा पर्दछन् । एक्कासि उच्च ज्वरो आउने, वान्तामा रगत देखापर्ने, नाक वा गिँजाबाट रगत, रक्तश्राव धेरै पेट दुखाइ, श्वासप्रश्वासमा समस्या र बेहोस हुनेजस्ता लक्षण डेंगुको हो । वर्षात् भर्खरै सुरु भएकोले अझै डेंगु संक्रमणको जोखिम बढ्ने देखिन्छ । त्यसैले लामखुट्टेको टोकाइबाट बचौं, डेंगु संक्रमणबाट जोगिऔं ।

श्रम सरोकार

## सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

### के-के छन् फाइदा ?

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किँदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

### नियमित योगदान नगरे के हुन्छ ?

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

# नेपालमा खनिज साधनको उपलब्धता र उपयोगमा समस्या



❑ गम्भीरबहादुर हाडा

> नेपालको भू-वनोट फरक-फरक किसिमको छ । तसर्थ धेरै ठाउँमा खनिज पदार्थको सम्भावना रहेको छ । नेपालको कुन ठाउँमा कति र के-कसता खनिज सम्पदाहरु रहेका छन् भन्नेबारे अनुसन्धान हुन सकेको छैन, जुन एउटा समस्या हो । कुनै पनि निर्माण वा विकासका लागि दक्ष तथा योग्य मानव संसाधन आवश्यक पर्दछ । निस्क्रिय साधनलाई परिचालन गर्न जनशक्ति आवश्यक पर्दछ । नेपालमा खनिज उद्योगसँग सम्बन्धित प्रयोगात्मक शिक्षा तथा सीपयुक्त जनशक्ति नहुँदा समस्या भएको छ ।

खनिज साधन महत्त्वपूर्ण प्राकृतिक साधनहरूमध्येको एक हो । देशको आर्थिक विकासमा खनिज साधनको स्थान महत्त्वपूर्ण रहेको छ । देशमा उद्योग, व्यापार, कृषि, यातायात आदि विविध पक्षको विकास गर्न खनिज साधनको प्रयोग हुन्छ । विश्वमा खनिज उद्योगमा विकसित देशहरू आर्थिक क्षेत्रमा पनि विकसित देखिन्छन् । नेपालको आर्थिक क्षेत्रमा पनि विकसित देखिन्छन् । नेपालको औद्योगिकीकरण केही हदसम्म उपलब्ध खनिज साधनको विकासमा भर पर्छ । नेपालमा खनिज स्रोतको विविधता छ । यसको उपयोग आधुनिक नेपालको प्रारम्भसम्म देशभरि नै केही गरिँदै आएको थियो । अंग्रेज सरकारसँग व्यापार सम्झौता गरिएपछि यस्ता खनिज उद्योगमा विस्तारै ह्रास भएको पाइन्छ ।

किराँतकाल, लिच्छविकाल, मल्लकाल र शाहकालको प्रारम्भताका पनि खानी खनिन्थ्यो । चिनियाँयात्री हुयनसङ र फाइयानले नेपाललाई फलाम र तामा निकासी गर्ने मुलुक भनेका छन् । नेपालमा खनिज स्रोत प्रशस्त भए पनि हालसम्मको खोजीमा फलाम, खरी र स्लेट मूल्यवान् पत्थरजस्ता धातुगत खनिज आदिमा सम्भाव्यता बढी देखिन्छ ।

अति प्राचीन समयमा मानिसहरूले प्रयोग गर्ने खनिजमा चट्टान, जस्तैः चकमकको रूपमा र हतियारको रूपमा प्रयोग भएको थियो । तत्पश्चात् मानिसहरूले धातु पगाल्न जाने र कोरा तयार पारे, जसलाई ब्रोन्ज 'एज३ई' भनिन्छ । त्यसपछि विश्वमा खनिजको विकसितरूपले फलाम युगको जन्म दियो । अत्यधिक फलामको उपयोग गर्ने प्रचलनले विश्वमा 'स्टिल एज' विकास भयो । प्रथमतः विश्वमा ती खनिजहरू प्रचलनमा आए जुन सजिलैसँग विश्वका विभिन्न प्रदेशमा पाइन्थे । आजको विश्वमा विभिन्न धातु र खनिजहरू नै प्रमुख रूपमा सभ्यताका परिचायक भएका छन् । आज मेसिनरी विकासको आधार, वस्तु निर्माण, उद्योग, स्टिल फर्निचर उद्योग, भाँडा, वर्तन एवं सिल्वर उद्योग, विद्युत् र सञ्चार उद्योग आदि सबै विभिन्न खनिजमा आधारित छन् । (भण्डारीः २०५४)

नेपालको आर्थिक विकासमा खनिज साधनको धेरै महत्त्वपूर्ण स्थान छ । किनभने देशमा उद्योग, कृषि, यातायात आदि आर्थिक पक्षको उन्नति गर्नको निमित्त खनिज पदार्थबाट बनेका सामानको जरुरत पर्दछ । नेपालको औद्योगिकीकरण केही हदसम्म उपलब्ध खनिज साधनको विकासमा भर पर्दछ । यो काम आधुनिक नेपालको सुरुवातमा रकम बन्दोवस्त अड्डाद्वारा गरिन्थ्यो । विभिन्न भौगर्भिक वनोटको पहाडी देश हुनाले नेपालका विभिन्न भागमा विभिन्न थरीका खनिज वस्तु पाइएका छन् । खनिज सर्भेक्षणद्वारा देशका थरीथरीका खनिजहरू पत्ता लगाइएका छन् ।

खानी तथा भूगर्भ विभागको प्रतिवेदनअनुसार नेपालका विभिन्न भागमा आजसम्ममा पत्ता लगाइएका मुख्य-मुख्य खनिज पदार्थहरू फलाम, तामा, अभ्रख, कोइला, पेट्रोल, सुन, चुनढुंगा, सिसा, निकल, जस्ता, म्याग्नेट साइट, खरी, स्लेटलगायत रहेका छन् । महाभारत पर्वतका श्रेणीहरूमा मूल्यवान् पत्थर ठाउँ-ठाउँमा फेला परेका छन् । संखुवासभाको हचाकले खानी र दैलेखको रानीवनमा दुरमालिनजस्ता पदार्थ प्राप्त छ । नेपालमा धातुगतभन्दा अधातुगत प्रकारका खनिजहरूका भविष्य र सम्भाव्यता पर्याप्त छ ।

## खनिज साधनको वर्तमान अवस्था

नेपालमा खनिज स्रोत प्रशस्त भए पनि हालसम्मको खोजीमा त्यति उत्साहवर्द्धक देखिँदैन । हालसम्म पनि खनिज साधनको विकास गर्ने कार्यक्रम सर्भेक्षण र अन्वेषण कार्यमै सीमित भएको पाइन्छ । खानी विकासतर्फ कुनै गहकिलो योजना, कार्यक्रम र लक्ष्यको तर्जुमा भएको पाइँदैन । परिमाण तथा गुणको वास्तविकता पत्ता नलागेको भएता पनि भूगर्भशास्त्रीहरूले देशमा विभिन्न खनिज पत्ता लगाएका छन् । हालसम्मको अन्वेषण र सर्भेक्षणअनुसार नेपालमा पत्ता लगाइएको तथा अनुमान गरिएका खनिज साधनहरू निम्न प्रकारका छन्ः

**(१) फलाम**

फलाम खानी देशका विभिन्न भागमा भएको उल्लेख छ । देशको फलाम खानी ललितपुरको फूलचोकी डाँडामा छ । देशका १३ स्थानमा फलाम खानी पाइएको छ । रामेछापको ठोसेमा करिब ८४ लाख मेट्रिक टन फलाम रहेको अनुमान छ । फलामको गुण उच्चस्तरको हुनाका साथै अनुमानित परिमाण एक करोड टन रहेको छ अनुमान गरिएको छ ।

**(२) तामा**

देशका विभिन्न ३० स्थानमा तामा पाइने सम्भावना रहेको छ । तामा खानीको सबभन्दा ठूलो केन्द्र बन्दीपुरको वुहाखोला क्षेत्रमा छ । यसको परिमाण करिब २० लाख मेट्रिक टन रहेको अनुमान छ ।

**(३) अभ्रख**

यो नेपालको अर्को मुख्य खनिज पदार्थ हो । यसको प्रयोग मुख्यतः बिजुलीको काममा हुन्छ । बीचको पहाड तथा हिमालय प्रदेशको करिब २१ ठाउँमा अभ्रख खानी फेला पारिएको छ र यसको ठीक परिमाण यकीन गर्न सकेको देखिँदैन ।

**(४) कोइला**

कोइला कागबेनी र वाङ्खोलामा पाइने सम्भावना छ । नेपालमा कोइलाको साधन सीमित छ । परिमाणमात्र कम भएको होइन, त्यसको गुणसमेत निम्न भएकाले ठूला उद्योग चलाउन उपयुक्त छैन ।

**(५) पेट्रोल**

तराई, काठमाडौं, दैलेख र मुस्ताङमा पेट्रोलियम र ग्यास पाइने सम्भावना छ । यसमध्ये दैलेखमा हालै गरिएको अध्ययनले त्यहाँ पेट्रोल रहेको देखाएको छ । नेपालमा कुनै-कुनै स्थानमा भेटाइएका प्राकृतिक ग्यास नै पेट्रोल खानीको प्रमुख सूचक मानिन्छ ।

**(६) सुन**

कम्पुखोला, बूढीगण्डकी, कालीगण्डकी र सुनकोशीका वालुवामा सुनको कणहरू पाइएका छन् । चिसापानी र रसुवागढीमा चाँदी पाइने सम्भावना छ ।

**(७) चुनढुंगा**

सिमेन्ट र चुनका लागि आवश्यक कच्चा पदार्थ चुनढुंगा देशका विभिन्न ठाउँमा पाइन्छ । चोभार, ओखरे, भैंसे, उदयपुर आदि स्थानमा पाइएको छ ।

**(८) निकल**

स्पात बनाउन प्रयोग गरिने निकलको विस्तृत सर्भेक्षण नभएता पनि रामेछापको भोर्ले, सिन्धुपाल्चोकको नाम्फा, धनकुटाको खाकलिन वुङधाप आदि ठाउँमा पाइने अनुमान गरिएको छ ।

**(९) सिसा र जस्ता**

ललितपुरको फूलचोकी र रसुवा, बागलुङ तथा नुवाकोटमा सिसा र जस्ता पाइएको छ । गणेश हिमालमा ठूलो सिसाखानी पत्ता लगाइ सिसा निकाल्ने कार्यसमेत प्रारम्भ भइसकेको छ ।

**(१०) खरिढुंगा**

निर्माण र शृंगारको सामग्री उत्पादनका लागि यो महत्त्वपूर्ण खनिज हो । नेपालको अधिकांश पहाडी क्षेत्रमा खरिढुंगा प्रचुरमात्रामा भेटिएको छ । तर यसको सञ्चित भण्डारको मात्रा यकीन हुन सकेको छैन ।

**(११) स्लेट**

स्लेट घर छाउने कामका लागि महत्त्वपूर्ण ढुंगा हो । यसको भण्डार नेपालमा प्रशस्त मात्रामा छ । बन्दीपुरको स्लेट खानी व्यावसायिक दृष्टिले पनि उपयुक्त छ ।

**(१२) ग्रेफाइट**

ग्रेफाइटबाट पेन्सिल बनाइन्छ । रासायनिक व्यवसाय र रङरोगनमा पनि यस खनिज द्रव्यको प्रयोग हुन्छ । यो सिन्धुपाल्चोकको पाठीभञ्ज्याङ तथा मेची अञ्चलको परमोजिङ तथा पमदुम भन्ने ठाउँमा भेटिएको छ ।

**(१३) पाइराइट**

यस खनिजको प्रयोग मुख्यरूपले रासायनिक मल बनाउने काममा गरिन्छ । झापा र स्याङ्जा जिल्लामा यो भेटिएको छ ।

नेपालमा पेट्रोलियम खोजी कार्य धेरै अघिदेखि फाट्टफुट्टरूपमा विदेशी विशेषज्ञहरूले गर्ने गरेको भएता पनि क्रमबद्ध अन्वेषण कार्य २०३९ सालमा खानी तथा भूगर्भ विभागअन्तर्गत पेट्रोलियम अन्वेषण परियोजना स्थापना भएपछि मात्र सुरु भएको हो । नेपालको तराई र चुरे क्षेत्रलाई पेट्रोलियमका लागि सम्भाव्य क्षेत्र मानेर नेपाल सरकारले विभिन्न अध्ययन-अन्वेषण कार्य गर्दै आएको छ । अन्वेषण प्रवर्द्धन गर्ने हिसाबले यस क्षेत्रलाई जम्मा १० वटा अन्वेषण खण्डहरूमा विभाजन गरेको छ । विश्व बैंक, फ्रान्स र क्यानेडियन सरकारको सहयोगबाट यस क्षेत्रको प्रारम्भिक, भौगर्भिक, भू-भौतिक एवं भू-रसायनिक अध्ययन-अन्वेषण कार्य गरी महत्त्वपूर्ण डेटा प्याकेजहरू तयार पारिएका छन् । नेपालमा पेट्रोलियम अन्वेषण गर्न इच्छुक अन्तर्राष्ट्रिय तेल कम्पनीले समय-समयमा यी डेटा प्याकेजहरू खरिद गर्ने गरेको र यसबाट नेपाल सरकारलाई हालसम्म १२.५ लाख अमेरिकी डलर राजस्व प्राप्त भएको छ । (ज्ञवालीः २०६२)

खनिज साधनको विकास गर्नमा देखापरेका समस्याहरूमा विस्तृत भौगर्भिक सर्भेक्षण, यातायात साधन, पुँजी, दक्ष जनशक्ति, आधुनिक उपकरण, ऊर्जा, बजार र सरकारी नीतिलगायतको अभाव देखिन्छ । देशमा रहेका विभिन्न स्थानका खनिज सम्पदा उत्खननका लागि ठूलो मात्रामा धनराशीको खर्च हुन्छ । नेपालमा यस्तो लगानी सरकारी र निजी क्षेत्रबाट गर्न सकेको छैन जसले गर्दा खनिज सम्पदा उत्खननमा समस्या छ । खनिज सम्पदा विकासका लागि आधुनिक प्रविधिको आवश्यकता पर्दछ, जुन नेपालमा छैन । यस्ता प्रविधिहरू नहुनु र विदेशबाट आयात गर्दा धेरै खर्च हुनुले प्राविधिक समस्या ल्याएको छ ।

नेपालको भू-वनोट फरक-फरक किसिमको छ । तसर्थ धेरै ठाउँमा खनिज पदार्थको सम्भावना रहेको छ । नेपालको कुन ठाउँमा कति र के-कसता खनिज सम्पदाहरू रहेका छन् भन्नेबारे अनुसन्धान हुन सकेको छैन, जुन एउटा समस्या हो । कुनै पनि निर्माण वा विकासका लागि दक्ष तथा योग्य मानव संसाधन आवश्यक पर्दछ । निस्क्रिय साधनलाई परिचालन गर्न जनशक्ति आवश्यक पर्दछ । नेपालमा खनिज उद्योगसँग सम्बन्धित प्रयोगात्मक शिक्षा तथा सीपयुक्त जनशक्ति छैन जसले गर्दा यस क्षेत्रको विकास हुन सकिरहेको छैन । पूर्वाधार भन्नाले कार्यसञ्चालन गर्न आवश्यक पर्ने विद्युत्, सञ्चार, यातायात आदि हुन् । नेपालको भू-वनोटअनुसार पूर्वाधारको विकास हुन सकेको छैन । देशको विभिन्न भागमा यातायात, सञ्चार र बिजुली पुग्न सकेको छैन । त्यसले गर्दा सम्बन्धित क्षेत्रमा खोज अनुसन्धानको समस्या रहेको छ ।

नेपालमा विभिन्न खनिज सम्पदाको यस्तो सम्भावना हुँदा पनि सरकारी तवरबाट अहिलेसम्म आवश्यक नीति र कार्यक्रम उपलब्ध गराउन सकेको छैन । चासो नै राखेको देखिँदैन बरु अरु देशमाथि निर्भर र शरण खोज्न गइरहेको तीतो यथार्थ देखिन्छ जुन प्रमुख समस्या र लज्जास्पद कुरा हो । यसरी नेपाल पनि विश्वका विभिन्न देशहरूजस्तै खनिज सम्पदाले सम्पन्न रहेको छ । यति भए पनि उल्लिखित विभिन्न समस्याले गर्दा यो क्षेत्रको उत्खनन् र विकास हुन सकिरहेको छैन । हालसम्म पनि खानी विकास तर्फ कुनै गहकिलो योजना, कार्यक्रम र लक्ष्यको तर्जुमा भएको पाइँदैन । खनिज साधनको विकास गर्न सरकारी पक्षबाट मात्र सम्भव नहुनाले निजी क्षेत्र तथा विदेशी लगानीकर्तालाई समेत यसतर्फ पाइला चाल्न प्रोत्साहित गर्न जरुरी छ । खनिज साधनको विकास भएमा निर्माण सामग्री सस्तो र सुलभ हुन्छ । खनिजको विकास भएमा निर्यात व्यापार बढाउन प्रतिकूल व्यापार सन्तुलन कम गर्न, विदेशी मुद्रा आर्जन गर्न सहयोग पुग्दछ ।

पाठक मञ्च

# सरकारको १०० दिनः तथ्यांकको उत्साह, व्यवहारको चुनौती

प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको वर्तमान सरकारको १०० दिने कार्यकाल र त्यसको समीक्षाबारे प्रकाशित विभिन्न समाचार तथा टिप्पणीहरूले मेरो ध्यान गम्भीरतापूर्वक आकर्षित गरेको छ । एउटा सचेत नागरिक र तपाईंको पत्रिकाको नियमित पाठकको हैसियतले यस विषयमा मेरा केही स्वतन्त्र र तटस्थ विचारहरू प्रस्तुत गर्दै यो पाठकपत्र पठाएको छु । आशा छ, यसलाई उचित स्थान दिई आम पाठकमाझ पुऱ्याउन सहयोग गर्नुहुने छ ।

कुनै पनि नयाँ सरकारका लागि पहिलो १०० दिन भनेको 'हनिमुन पिरियड' अर्थात् सरकारको नीति, नियत र गन्तव्य बुझ्ने प्रारम्भिक सूचक हो । यस अवधिमा सरकारले सुशासन, प्रशासनिक सुधार, सेवा प्रवाह र आर्थिक अनुशासनलाई आफ्नो प्रमुख उपलब्धिका रूपमा प्रस्तुत गरेको छ । सरकारको दाबीलाई सरसर्ती हेर्दा वर्षौंदेखि शिथिल बनेको राज्य संयन्त्रमा केही कडा र साहसिक कदमहरू चाल्न खोजिएको देखिन्छ ।

विशेषगरी, भ्रष्टाचार नियन्त्रण र अवैध सम्पत्ति छानबिनका क्षेत्रमा सम्पत्ति शुद्धीकरण विभागमार्फत ११८ अर्ब रूपैयाँ बिगो मागदाबीसहित मुद्दा दायर हुनु, त्रिभुवन विश्वविद्यालयमा अध्ययन बिदा लिई काम नगर्ने ४०० प्राध्यापकहरूबाट करिब १३ करोड रूपैयाँ राजस्व असुल हुनु, र पहुँचका आधारमा कब्जा गरिएका ६७२ सरकारी गाडी फिर्ता ल्याइनु सकारात्मक र प्रशंसनीय कदम हुन् । यसले राज्यको स्रोत साधनको दुरूपयोग गर्नेहरूलाई गम्भीर चेतावनी दिएको छ । त्यस्तै, प्रशासनिक खर्च कटौतीका लागि मन्त्रालयको संख्या २२ बाट घटाएर १८ मा झार्नु र ३१ वटा सरकारी निकाय खारेज गर्नुले वर्षौंदेखिको जम्बो प्रशासनिक संरचना सुधार्ने संकेत गर्छ । जनताको दैनिक सरोकारसँग जोडिएको सवारी चालक अनुमतिपत्र (लाइसेन्स) घरघरमै पुऱ्याउने अनलाइन सेवाको थालनी र वैदेशिक रोजगारीका पीडितलाई ३० करोडभन्दा बढी क्षतिपूर्ति दिलाउनुले सेवा प्रवाहमा केही सहजता थपेको अनुभूति हुन्छ ।

तर, अर्कातर्फ प्रमुख विपक्षी दलहरू नेपाली कांग्रेस, नेकपा एमाले र नेकपालगायतले यो १०० दिनलाई 'पूर्णतः असफल' र 'फितलो' भनी गरेको टिप्पणीलाई पनि पूर्णरूपमा नजरअन्दाज गर्न मिल्दैन । लोकतन्त्रमा विपक्षको आलोचना सरकारलाई बाटो बिराउन नदिने ऐना हो । विपक्षी दलहरूले उठाएको संविधान संशोधनको अपारदर्शी प्रक्रिया, अधिकारको केन्द्रीकरण र सुशासनका नाममा राजनीतिक प्रतिशोध साँधिएको भन्ने आरोपमाथि सरकारले आत्मसमीक्षा गर्नैपर्छ । यदि सरकारले प्रक्रियागत पारदर्शीता अपनाउन सकेन र संसद्मा रहेका ठूला दलहरूलाई विश्वासमा लिन सकेन भने जतिसुकै राम्रा योजना भए पनि तिनले कानुनी र राजनीतिक स्थायित्व पाउन सक्दैनन् ।

कुनै पनि सरकारको सफलता तथ्यांकको कागजमाभन्दा पनि जनताको चुल्हो, बजारको मूल्यवृद्धि नियन्त्रण र दैनिक जनजीवनमा देखिने सहजतामा मापन हुन्छ । सट्टेबाजीका एप बन्द गर्नु र बक्यौता नतिर्ने उद्योगको लाइन काट्नुमात्र पर्याप्त छैन, देशमा लगानीको वातावरण कस्तो बन्यो र आम युवाहरूमा स्वदेशमै बस्ने भरोसा कत्तिको जागृत भयो भन्ने कुरा मुख्य हो । सरकारका यी दाबीहरू केवल प्रचारबाजीमात्र हुन् कि वास्तविक रूपान्तरणका संवाहक हुन् भन्ने कुरा आगामी दिनमा स्पष्ट हुँदै जाने छ ।

अन्त्यमा, सरकारले प्रारम्भिक दिनमा देखाएको यो उत्साह र केही साहसिक कदमहरू स्वागतयोग्य भएता पनि विपक्षीको आलोचनालाई 'सकारात्मक दबाब' का रूपमा लिएर कमीकमजोरी सच्याउनु आवश्यक छ । सरकारले गफ र तथ्यांकको जालोभन्दा माथि उठेर जनताले प्रत्यक्ष महसुस गर्नेगरी काम गरोस् र विपक्षीले पनि विरोधका लागिमात्र विरोध नगरी रचनात्मक सहयोग गरोस् भन्ने नै हामी आमनागरिकको चाहना हो ।

**- रमेश अधिकारी**
जोरपाटी, काठमाडौं



**पुनर्निर्माण जारी** | लमजुङको बैँसीसहर नगरपालिका–३ गाउँसहरस्थित लमजुङ दरबारको पुनर्निर्माण गर्दै कामदार । *तस्बिरः रासस*

# निःशुल्क स्वास्थ्य शिविरले महिलाको स्वास्थ्यमा सुधार



**देउखुरी (दाङ)–** घरछेउमै निःशुल्क स्वास्थ्य उपचार दिन थालेपछि घोराहीका महिलाको स्वास्थ्यमा सुधार हुन थालेको छ । घोराही उपमहानगरपालिका-११ शिवपुर निवासी ६० वर्षीया महिलालाई तल्लो पेट दुख्ने, ढाड, कम्मर दुख्ने समस्या भएको थियो । घरको कामले फुर्सद नभएर उनी अस्पताल गइनन् ।

घर नजिकै घोराही उपमहानगरपालिका जनस्वास्थ्य प्रवर्द्धन शाखाको आयोजनामा भएको निःशुल्क स्वास्थ्य शिविरमा गइन् । त्यहाँ पुगेपछि उनको पाठेघरमा घाउ भएको पत्ता लाग्यो । उपचारमा गएका स्वास्थ्यकर्मीले औषधिले निको हुन्छ नआत्तिनुहोला भनी सम्झाइबुझाइ गरी औषधि दिएर पठाए । घरछेउमा स्वास्थ्य सेवा पाएपछि खुसी लागेको पोखरेलले बताइन् ।

घोराही उपमहानगरपालिका-१३ कलमघारीकी ६३ वर्षीया महिलालाई पिसाब नरोकिने, ढाड दुख्ने, जीउ दुख्ने र खान मन नलाग्ने समस्या थियो । उपचारका लागि जाने फुर्सद नभएकाले अस्पताल नगएको उनले बताइन् । घरछेउमा आएको निःशुल्क स्वास्थ्य शिविरमा उपचारका लागि आएको र स्वास्थ्यकर्मीले औषधि दिएपछि निको हुने आशा गरेको उनले सुनाइन् ।

घोराही उपमहानगरपालिका स्वास्थ्य प्रवर्द्धन शाखाका अनुसार पछिल्लो चार वर्षमा घोराहीमा पाठेघरको मुखको क्यान्सर रोगका कारण ज्यान गुमाउनेको संख्यामा कमी आएको छ । समयमै स्क्रिनिङ गराउँदा सयौंले ज्यान जोगाएका छन् । बितेको चार वर्षको तथ्यांकले घोराही उपमहानगरपालिकामा ४८८ जनामा पाठेघरको मुखको क्यान्सरकोशंकास्पदलक्षणफेलापरेको छ । घोराही उपमहानगरपालिका स्वास्थ्य प्रवर्द्धन शाखाले १९ वटै वडामा सञ्चालन गरेको शिविर र संस्थागत परिवार नियोजन क्लिनिकबाट ४८८ महिलाको पाठेघरमा क्यान्सरको लक्षण फेलापरेको हो । महिलाहरूको स्वास्थ्य संरक्षणका लागि उपमहानगरले आर्थिक वर्ष २०७९/८० देखि पाठेघरको मुखको क्यान्सर परीक्षणका लागि शिविर सञ्चालन गर्दै आएको छ ।

चार आर्थिक वर्षमा घोराहीले १९ वटै वडाका विभिन्न क्षेत्रमा पुगेर १६ हजार ७४१ महिलाको पाठेघर परीक्षण गऱ्यो । त्यही परीक्षणमा ४८८ महिलाको पाठेघरमा क्यान्सरको शंकास्पद लक्षण फेलापऱ्यो । तथ्यांकअनुसार आव २०७९/८० मा कूल पाँच हजार ८०९ महिलाको पाठेघर परीक्षण गरियो । तीमध्ये ११६ महिलामा क्यान्सर 'पोजेटिभ' देखियो ।

आव २०८०/८१ मा तीन हजार ६६५ महिलाको पाठेघर जाँच गऱ्यो । जसमा ८८ जनाको पाठेघरमा पोजेटिभ देखियो । यस्तै आव २०८१/८२ मा पाँच हजार २६० जनामा गरिएको परीक्षणबाट १६४ जनामा शंकास्पद लक्षण भेटिएको थियो भने चालु आव २०८२/८३ मा दुई हजार सात जनाको पाठेघर जाँच गर्दा १२० जनामा पोजेटिभ देखिएको घोराही उपमहानगर स्वास्थ्य शाखा प्रमुख राधा पौडेलले जानकारी दिइन् ।

समयमै समस्या पत्ता लाग्दा खर्च पनि कम हुने र निको पनि पार्न सहज हुने कुरालाई हामीले सबै महिलाहरूलाई सजग गराउँदै जाँदा उपचारका लागि आउनेको संख्या बढेको शाखा प्रमुख पौडेलले जानकारी दिइन् ।

घोराहीले अहिले गाउँघरमै पुगेर निःशुल्क शिविर चलाउने, संस्थागत परिवार नियोजन क्लिनिक र लक्ष्मीपुर स्वास्थ्यचौकीमा पाठेघरको मुखको क्यान्सर जाँच गर्ने व्यवस्था मिलाएको छ । हरेक बिहीबार संस्थागत परिवार नियोजन क्लिनिक र हरेक महिनाको पहिलो सोमबार लक्ष्मीपुर स्वास्थ्यचौकीबाट पाठेघरको मुखको क्यान्सरको जाँच भइरहेको प्रमुख पौडेलले जानकारी दिइन् । गम्भीर समस्या देखिए सम्बन्धित अस्पतालहरूमा रिफर गर्ने गरिएको उनले बताइन् ।

घोराही उपमहानगरपालिकाकी उपप्रमुख हुमाकुमारी डिसीले दैनिकजसो आफ्नो टेबुलमा क्यान्सरपीडित महिला आउन थालेपछि रोग लागेर उपचार गर्नुभन्दा रोग समयमै पत्ता लगाउने अभियान चलाएको बताइन् ।

'आव २०७९/८० देखि पाठेघरको मुखको क्यान्सर जाँच अभियान थाल्यौं,' उपप्रमुख डिसीले भनिन्, 'केहीलाई त बचाउन सकिएन, तर समयमै जाँच भएर उपचार गर्दा धेरैले नयाँ जीवन पाउनुभएको छ । त्यसैले पाठेघरको मुखको क्यान्सर जाँचलाई अभियानकै रूपमा आगामी दिनमा पनि सञ्चालन गर्छौं ।'

# भवनमै सीमित बैतडीको ट्रमा सेन्टर

**दशरथचन्द (बैतडी)–** यहाँ निर्मित ट्रमा सेन्टर जनशक्ति अभावका कारण सञ्चालनमा आउन सकेको छैन । पाटन नगरपालिका-८ सिद्धेस्वर स्वास्थ्य चौकीको भवनमा निर्माण गरिएको ट्रमा सेन्टर आवश्यक उपकरण र जनशक्ति नहुँदा सञ्चालनमा आउन नसकेको हो ।

दुर्घटना र विपद्का घाइतेलाई तत्काल उपचार उपलब्ध गराउने उद्देश्यले निर्माण गरिएको ट्रमा सञ्चालनमा ढिलाइ हुँदा दुर्घटनामा तत्काल उपचार गर्नुपर्ने प्रकृतिका बिरामीलाई अन्यत्र पठाउनुपर्ने समस्या रहेको पाटन नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख मदनसिंह महराले बताए ।

'बैतडीको खोडपे आसपासका क्षेत्रलाई सवारी दुर्घटनाको उच्च जोखिमयुक्त क्षेत्र मानिन्छ । ट्रमा सेन्टर सञ्चालनमा आउन नसक्दा विपद् र दुर्घटनामा घाइते भएकाको उपचारमा समस्या भइरहेको छ,' सिँगास गाउँपालिका-१ का जगदीश ऐरले भने, 'उपचारका लागि डडेलधुरा अस्पताल पठाउनुपर्ने भएकाले घाइतेको ज्यानै जोखिममा पर्ने गरेको छ ।'

नगरपालिकाको १० लाख रूपैयाँ र संघीय सरकारको ५० लाख रूपैयाँ लागतमा ट्रमा सेन्टरका लागि भवन निर्माण गरिएको थियो । भवन र केही उपकरण उपलब्ध भए पनि आवश्यक थप उपकरण र जनशक्ति नहुँदा सञ्चालनमा ल्याउन नसकिएको नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख महराले जानकारी दिए ।

'भवनसँगै स्पाइनल ब्याकबोर्ड, एइडी उपकरण, अक्सिजन कन्सन्ट्रेटर, प्यासेन्ट मोनिटर, थप १५ शयचालगायत सामग्री राखिएको छ । अन्य थप उपकरण र जनशक्तिको व्यवस्थापन भने हुन सकेको छैन,' महराले भने, 'एक्सरे मेसिन, अर्थोपेडिक चिकित्सक, रेडियोग्राफर, स्टाफनर्स र हेल्थ असिस्टेन्टको व्यवस्था भए यो सेन्टर तत्काल सञ्चालन गर्न सकिन्छ ।'

आर्थिक वर्ष २०७७/७८ मा भवन निर्माण सम्पन्न भएको थियो । तत्काल आवश्यक उपकरण व्यवस्थापन गरी ट्रमा सेन्टर सञ्चालनको माग गर्दै प्रदेश र संघीय सरकारलाई पटक-पटक जानकारी गराउँदै आए पनि हालसम्म कुनै सुनुवाइ नभएको पाटन-८ का वडाध्यक्ष हरिश विष्टले बताए ।

'गत चैत २२ गते नगरपालिकाले ट्रमा सेन्टर सञ्चालनका लागि तत्कालीन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई उपकरण र जनशक्ति व्यवस्थापनको माग गर्दै पत्र पठाएको थियो,' वडाध्यक्ष विष्ट भने, 'अहिलेसम्म कुनै सुनुवाइ भएको छैन ।'

दशरथचन्द राजमार्ग, महाकाली र जयपृथ्वी राजमार्गहुँदै सञ्चालन हुने सवारीसाधन खोडपे भएर गुड्ने जनाउँदै उनले यो क्षेत्र जोखिमपूर्ण मानिएकाले यहाँ बर्सेनि सवारीसाधन दुर्घटना हुने तथा समयमा उपचार सेवा नपाउँदा घाइतेले ज्यान गुमाउनुपर्ने बाध्यता रहेको बताए ।

**तीन वर्षमा ४७ जनाको सवारी दुर्घटनामा मृत्यु**

तीन वर्षमा जिल्लामा ३४ वटा सवारी दुर्घटना हुँदा ४७ जनाको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालयको तथ्यांकअनुसार गएको तीन वर्षमा भएका सवारी दुर्घटनामा परेर १२६ जना घाइते भएका छन् ।

पछिल्लो तीन वर्षको तथ्यांक विश्लेषण गर्दा हरेक वर्ष सवारी दुर्घटना बढ्दै गएको बताउँदै दुर्घटनामा ज्यान गुमाउनेको संख्या पनि बढिरहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी निरीक्षक भुवनप्रसाद तिमिल्सेनाले जानकारी दिए । उनका अनुसार आव २०८०/८१ मा आठ वटा सवारी दुर्घटनामा सात जनाको मृत्यु भएको थियो भने ४२ जना घाइते भएका थिए ।

आव २०८१/८२ मा १० वटा सवारी दुर्घटनामा ११ जना र आव २०८२/८३ को हालसम्म १६ वटा सवारी दुर्घटना भइसकेका छन् भने २९ जनाको मृत्यु भएको प्रहरी निरीक्षक तिमिल्सेनाले जानकारी दिए ।

त्यस्तै चालु आवको हालसम्मका सवारी दुर्घटनामा ३४ पुरुष र २५ महिला गरी ५९ जना घाइते भएका प्रहरीको तथ्यांकमा उल्लेख छ । गएको शुक्रबारमात्रै पाटन नगरपालिका-८ गैराखानमा भएको बस दुर्घटनामा २४ जना घाइते भएका थिए । घाइतेहरूको विभिन्न अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । *रासस*

# साप्सुखोलाका ढुंगामा माझिँदै छन् मूर्तिकारका सीप



■ **वासुदेव पौडेल**

**दिक्तेल (खोटाङ)–** धरान मूर्तिकला घरका सञ्चालक धीरज राई यतिखेर दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाको शुभम् फाउण्डेसनमा भइरहेको मूर्तिकला कार्यशालामा स्थानीय साप्सु खोलाबाट ल्याइएका ढुंगामा आफ्नो श्रम र सीप लगाउन व्यस्त छन् ।

एउटै ढुंगामा किराती समुदायको मौलिकता झल्काउने लक्ष्यअनुरूप निरन्तर लागिराखेका उनले ढुंगामा बाबु (चिण्डो) सेलोमा, ढोल, झ्याम्टा, धनुकाँण, तीन चुलोको प्रतीक आदि तयार गरिरहेका छन् ।

विगत १२ वर्षदेखि मूर्तिकारितामा निरन्तरको लगाव राख्दै आएका राई यही असार १२ गतेदेखि दिक्तेलमा सञ्चालित मूर्तिकला कार्यशालामा लागिरहेका हुन् । राईले तयार गरेका मूर्ति धरान मूर्तिकला घरबाट देशका विभिन्न स्थानमा पुगिसकेका छन् । उनले यसअघि ५० फिट अग्लो लिटिल बुद्धको मूर्ति निर्माणसँगै थुप्रै मूर्तिहरू तयार गरिसकेका छन् ।

उनीसहित सामूहिक सहकार्यमा तयार गरिएको ११० फिट अग्लो यलम्बरको मूर्ति खोटाङको बुइपामा ठडयाइसकिएको छ । गोरखाको सुलिकोटमा गिरिजाप्रसाद कोइराला र पुष्पकमल दाहाल भएको शान्ति सम्झौताको प्रतिमादेखि पृथ्वीनारायण शाह आदिका मूर्तिका साथै धरानका पूर्वनगरप्रमुख हर्क साम्पाङको प्रतिमा आदिले उनको मूर्तिकारिताले समय-समयमा चर्चा पाउने गरेको छ । करिब एक डेढ घण्टामा दुरुस्त मूर्ति तयार गर्न सक्ने क्षमताका राई ठाउँ-ठाउँका जीवन्त प्रदर्शनीमा पनि आफूलाई उभ्याइसकेका छन् ।

राईजस्तै नवलपरासीका मूर्तिकार विके नरबहादुर पनि यतिखेर दिक्तेलमा छन् । जीवनको २५ वर्षभन्दा बढी मूर्तिकारितामा समय खर्चिसकेका नरबहादुरले दिक्तेलमा भइरहेको कार्यशालामा सहभागी भई ढुंगामा माता कालीको सांकेतिक मुहारलाई देखाउनेगरी आफ्नो सीप लगाइरहेका छन् ।

थुप्रै मूर्तिहरू तयार गरिसकेका नरबहादुरले यसअघि बर्दघाट नगरपालिकामा १२ फिट अग्लो बुद्धको मूर्ति, स्याङजाको भालुवाङमा राखिएको १२ फिट अग्लो भालुको मूर्ति, स्याङजाको पुतलीबजारमा राखिएको सुन्तलाको मूर्ति, नवलपरासीको सुस्ता पावरहाउस चोकमा राखिएको बिपी कोइरालाको मूर्ति आदि तयार गरी चर्चामा आइसकेका छन् ।

मूर्तिकारिताका क्षेत्रमा इमान्दार भएर काम गर्ने हो भने स्वरोजगार बन्न कुनै समस्या नरहेको उनको अनुभव छ । राई र नरबहादुरजस्तै काठमाडौंकी शूक्ष्म श्रेष्ठ पनि दिक्तेलमा गणेशको मूर्ति बनाइरहेकी छन् । विगत ३० वर्ष अघिदेखि नै मूर्तिकारिताका क्षेत्रमा लागेकी श्रेष्ठ केही समय पारिवारिक कामले सक्रिय नबने पनि पुनः पछिल्ला १० वर्षयता यस क्षेत्रमा क्रियाशील बनेर लागिरहेको अनुभव सुनाउँछिन् ।

आफूले यस कीर्तिपुरमा गणेशको मूर्ति बनाएको अनुभव सुनाउँदै उनले दिक्तेलमा चौथोपटक गणेशको मूर्ति बनाउन लागेको बताइन् । सबै मूर्तिकारहरूका काममा ललितकला क्याम्पसमा फाइन आर्ट विषयमा स्नातक तह अध्ययन गरिहेका रूपन्देहीका आयुष सुनार, स्याङजाका विदुर पौडेलले सहयोग गरिरहेका छन् ।

कार्यशालामा पाँच वटा प्रदेश, १२ जिल्लाका साथै एक जना भारतीय कलाकार पनि सहभागी बनेका छन् । मूर्तिकारहरूले कार्यशालामा सहभागी भई गौतमबुद्धको अर्धकदको मूर्ति, जट्टाधारी शिवजीको अर्धकदको मूर्ति, किरात संस्कार तथा संस्कृतिसँग सम्बन्धित ढोल, झ्याम्टा, बाबु (चिण्डो) तथा धनुषवाण, लोपोन्मुख जनावर रेडपाण्डालगायतका कलात्मक मूर्ति निर्माण गर्ने विश्वको उत्कृष्ट गन्तव्य नेपाल बनाउने महाअभियानका निर्देशक नकुल सिंहले जानकारी दिए ।

धार्मिक तथा पर्यटकीयस्थल मझुवागढी संरक्षण तथा प्रवर्द्धनका लागि कोशी प्रदेश सरकारको आर्थिक सहयोगमा कार्यशाला आयोजना गरिएको हो । कार्यशालामा बनाएका कलात्मक मूर्तिलाई धार्मिक तथा पर्यटकीयस्थल मझुवागढीमा लगेर राखिने छ ।

यसअघि जिल्ला समन्वय समिति खोटाङका प्रमुख सनबहादुर राई, नगरप्रमुख तीर्थराज भट्टराई र प्रमुख जिल्ला अधिकारी रेखा कँडेलले ढुंगामा छिनो र मार्तलले आकृति कोरेर कार्यशालाको शुभारम्भ गरेका थिए । दिक्तेल बजार नजिकै रहेको मझुवागढीलाई सौन्दर्यकरण गर्नका लागि संघ, प्रदेश तथा दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाको ठूलो धनराशि लगानी भइरहेको छ । दिक्तेल बजारस्थित हाटडाँडाबाट करिब ४५ मिनेट उकालो चढ्दा पुगिने मझुवागढीलाई सांस्कृतिक विविधतामा आधारित पर्यटकीय गन्तव्य बनाउन मूर्ति राख्ने तयारी गरिएको हो ।

जिल्लाको सबैभन्दा ठूलो यस नगरपालिकाले भौतिक पूर्वाधार विकाससँगै कला, साहित्य तथा सृजनाका कार्यक्रमलाई प्राथमिकतामा राख्दै आएको छ । यसअघि पालिकाले पर्यावरण संरक्षणका रेडपाण्डा तथा थार महोत्सव, स्थानीय कच्चापदार्थलाई प्रयोगमा ल्याउन राष्ट्रिय बाँस सम्मेलन, चित्रकलालाई प्रवर्द्धन गर्न मुन्दुम अन्तर्राष्ट्रिय चित्रकला कार्यशालालगायत कार्यक्रम सम्पन्न गरिसकेको छ ।

भौगोलिक, ऐतिहासिक एवं सांस्कृतिक महत्त्व बोकेको मझुवागढीको गरिमालाई मूर्तिकारिताका माध्यमबाट थप उजागर गर्ने लक्ष्य लिइएको छ । *रासस*

# सञ्चारसम्बन्धी विद्यमान कानुनको पुनरावलोकन गर्न जोड

**ललितपुर (प्रस)–** पत्रकारिता क्षेत्रका अगुवा तथा विज्ञहरूले सूचना, प्रविधि र परिस्थितिमा आएको परिवर्तनसँगै सञ्चारसम्बन्धी विद्यमान कानुनहरूको पुनरावलोकन गर्न जोड दिएका छन् ।

नेपाल पत्रकार महासंघले बागमती प्रदेश रजिस्ट्रार कार्यालयको सहकार्यमा आइतबार आयोजना गरेको छलफलमा महासंघकी अध्यक्ष निर्मला शर्माले विद्यमान कानुनमा गरिनुपर्ने संशोधनलगायत आफूहरूले उठाएका सवालमा नेपाल सरकारले सम्बोधन गर्नुपर्ने बताइन् । उनले संविधानमा व्यवस्था गरिएको पूर्ण प्रेस स्वतन्त्रतामा कतैबाट हनन् हुन नहुने र पत्रकारहरू जिम्मेवार पनि हुनुपर्ने बताइन् ।

महासंघका पूर्वअध्यक्ष डा. सुरेश आचार्यले आमसञ्चार नीति, २०७३ लाई समेत डिजिटल रूपान्तरणका आधारमा परिवर्तन गर्दै कानुनी संशोधनमा जानुपर्ने बताए । उनले आफूहरूले मन्त्रालयको आग्रहमा आमसञ्चार विधेयकको मस्यौदा तर्जुमा गरेर २०७५ सालमै बुझाएको भए पनि हालसम्म संसद्मा पेस नभएको गुनासो गरे । उनले संसद्मा पुगिसकेको 'नेपाल मिडिया काउन्सिल विधेयक'का कतिपय प्रस्तावहरूले काउन्सिललाई स्वायत्त नबनाउने भएकाले त्यसमा आवश्यक परिमार्जन गर्नुपर्ने बताए ।

सञ्चार अध्येता विनोद ढुंगेलले सूचना, प्रविधि र परिस्थितिमा आएको परिवर्तनसँगै सञ्चारसम्बन्धी विद्यमान कानुनको पुनरावलोकन गर्न ढिला भइसकेको बताए । उनले दर्ता भएकामध्ये १६ प्रतिशत पत्रपत्रिका मात्रै नियमित प्रकाशन भइरहेको अवस्थामा कानुनी व्यवस्था त्यहीअनुसारको हुनुपर्ने बताए ।

बागमती प्रदेशका प्रेस रजिस्ट्रार रेवती सापकोटाले संविधानमा भएको प्रदेशको सञ्चारसम्बन्धी अधिकारलाई व्यवहारतः कार्यान्वयन गर्न चुनौती देखिएका सम्बन्धमा संघीय सरकारले मनन गर्नुपर्ने बताए ।


**कतार/साउदीमा रोजगार** कम्पनी : AL- LAA LLTNZYFAT WALKHDMAT

पूर्व स्वीकृति मिति : २०८३/०३/२१ | LT. No. 344166 | चलानी नं. ६०२५७५९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 0 | 3 | 1100 | ४५,९६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hotels Room Cleanes | 0 | 5 | 1000 | ४१,७८९ | | | | | | | |

कम्पनी : IRAD AL KHAIR GENERAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०९/१६ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०३/२१ | LT. No. 336309 | चलानी नं. ६०२५००२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleane | 32 | 0 | 1000 | ४०,५०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २९ गते (13th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/01591125, 9821471642
(9801168467) Surendra kumar Kc, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम इजाजत नं. ८३३/०६६/०६७

**MAURITIUS मा रोजगार** कम्पनी : BEIJING CONSTRUCTION ENGINEERING GROUP (MAURITIUS) CO. LTD.

पूर्व स्वीकृति मिति : २०८३/०३/२१ | LT. No. 344526 | चलानी नं. ६०२५७६४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barbender | 100 | 0 | 22300 | ७२,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 120 | 0 | 22300 | ७२,३७० | | | | | | | |
| 3. | Cook | 10 | 0 | 22300 | ७२,३७० | | | | | | | |
| 4. | Electrician Bulding | 20 | 0 | 22300 | ७२,३७० | | | | | | | |
| 5. | Heavy Vehicle Driver | 20 | 0 | 22300 | ७२,३७० | | | | | | | |
| 6. | Mason (Tile & Block & Plaster) | 150 | 0 | 22300 | ७२,३७० | | | | | | | |
| 7. | Plumber | 20 | 0 | 22300 | ७२,३७० | | | | | | | |
| 8. | Welders | 10 | 0 | 22300 | ७२,३७० | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २९ गते (13th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 832/066/67
**GLOBAL RELIANCE OVERSEAS SERVICES PVT. LTD**
Samakhusi-26, Townplanning (Near Swimming Pool) Kathmandu, 9861477936, 9851405368, 9704141922
Tel: +977-1-4960523,4957731, Email : globalreliance03@gmail.com

प्रभाव दैनिक




## 'नवल खड्का' पुस्तक बजारमा

नायक तथा निर्देशक नवल खड्काले लेखेको पुस्तक 'नवल खड्का' बजारमा आएको छ । नेपाली कथानक चलचित्रका नायक, निर्देशक तथा लेखक खड्काको जीवनीमा आधारित पुस्तक पाइन प्रकाशन प्रालिले बजारमा ल्याएको हो । उनले जीवनमा आफूले भोगेको सुख दुःखका संगालोलाई पुस्तकमा समेटेका छन् । पुस्तक असार १९ गते दार्चुलाको तिंकरमा पुगेर सार्वजनिक गरिएको लेखक खड्काले बताए ।





# कवि गाउँलेको 'आँशु कहिल्यै रित्तिदैन' सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** युवाकवि, गीतकार एवं पत्रकार सनत गिरी 'गाउँले'को नयाँ कविता संग्रह बजारमा आएको छ । गाउँलेद्वारा लिखित कविता संग्रह 'आँशु कहिल्यै रित्तिदैन' शनिबार सार्वजनिक गरिएको हो ।

राष्ट्रिय यात्रा साप्ताहिकले आयोजना गरेको कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्वउपकुलपति विष्णुविभु घिमिरेले उक्त कविता संग्रह सार्वजनिक गरे । सोही कार्यक्रममा राष्ट्रिय यात्रा विशेष पत्रकारिता पुरस्कार-२०८३ वरिष्ठ पत्रकार ताराचन्द्र देवकोटालाई प्रदान गरिएको थियो ।

यसैगरी देव ग्रुप प्रालिका प्रमुख कार्यकारी अधिकृत नविन सिलवाल, वरिष्ठ अधिवक्ता चन्द्रकान्त, समाजसेवी तथा राजनीतिज्ञ गोकर्णराज सिटौला, समाजसेवी तथा राजनीतिज्ञ राजकुमार जोशी, रेडियो मिरमिरे ८९.४ मेगाहर्ज, नेपाल नेसनल पार्किट एण्ड डेकोरेटर्सका प्रबन्ध निर्देशक नवराज धमला, पत्रकार इश्वरी वाग्लेलगायतलाई राष्ट्रिय यात्रा सम्मान प्रदान गरिएको आयोजकले जानकारी दिएको छ ।




## बेलायतको क्याम्ब्रिजमा नेपाली काव्य यात्रा



**लण्डन–** बेलायतको क्याम्ब्रिज सहरमा नेपाली काव्य यात्रा सम्पन्न भएको छ । बेलायतको समकालीन साहित्य प्रतिष्ठानको आयोजनामा क्याम्ब्रिजको ऐतिहासिक 'पार्कर्स पिस'मा भएको उक्त यात्रामा लण्डन र क्याम्ब्रिजमा बसोबास गर्दै आएका साहित्यकारहरू सहभागी थिए ।

त्यस अवसरमा साहित्यकारहरू कृष्ण उपाध्याय, पोषेन्द्र सत्याल, लता गौतम, योगराज ढकाल, केशव पुडासैनी, चन्द्रमणि गौतम र कृष्ण बजगाईंले कविता वाचन गरेका थिए ।

नेपाली कविताका माध्यमबाट बेलायतमा रहेका नेपालीलाई आफ्नो मातृभूमिको भाषा, संस्कृति र साहित्यसँग जोड्ने तथा नेपाली साहित्यलाई अन्तर र्राष्ट्रियस्तरमा फैलाउने उद्देश्यका साथ आयोजना हुँदै आएको काव्य यात्राको यो तेस्रो संस्करण हो ।

प्रतिष्ठानका अध्यक्ष कृष्ण बजगाईंले काव्य यात्रा बेलायतका विभिन्न सहरमा आयोजना गरिने र काव्य यात्रामा वाचित कविताहरूको संग्रह प्रकाशन गरिने जानकारी दिए ।

विश्वको जुनसुकै कुनामा पुगे पनि नेपाली भाषा र साहित्यको उन्नयन सबैको दायित्व भएको उनले बताए । *रासस*

## कलाकारलाई प्रविधिमा पोख्त हुन सुझाव



**काठमाडौं (प्रस)–** सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा भएको अकल्पनीय विकाससँगै नेपाली गीतसंगीत र कलाकारहरू पनि प्रविधिमा पोख्त हुनुपर्नेमा प्राविधिकहरूले जोड दिएका छन् ।

सांस्कृतिक अध्ययन तथा अनुसन्धान परिषद्ले 'संगीत र प्रविधि' शीर्षकमा शनिबार यहाँ आयोजना गरेको कार्यक्रममा प्रशिक्षक राजेन्द्र अर्यालले गीत संगीतको व्यापार, अडियो, भिडियो, टिकटक, फेसबुकलगायत 'डिजिटल प्लेटफर्म'बाट कसरी धन आर्जन गर्न सकिन्छ भन्नेमा कलाकारहरू जानकार हुनुपर्ने बताए ।

परिषद्का अध्यक्ष बमबहादुर कार्कीले प्रविधिविज्ञ र कलाकाहरूबीच हातेमालो हुनुपर्नेमा जोड दिए । कार्यक्रममा कलाकारहरू खड्ग गर्बुजा, नरहरि प्रेमी, टीका पुन, रामकुमार कार्की, वैकुण्ठ महत, गोविन्दमधुर आचार्य, राजकुमार रायमाझी, ईश्वरी भुसाल (मादले दाइ), विष्णु खत्री, संगीतकार शशी शर्मा मजगैयालगायत सहभागी थिए ।

## रंगशाला

# क्वाटरफाइनलमा फ्रान्स र मोरक्कोको भेट पक्का

■ प्रभाव डेस्क






**काठमाडौं–** फिफा विश्वकप-२०२६ अन्तर्गत सेमिफाइनल प्रवेशका लागि साविक उपविजेता फ्रान्स र मोरक्को खेल्ने भएका छन् । आइतबार बिहान भएको प्रि-क्वार्टरफाइनलका आ-आफ्ना खेल जित्दै फ्रान्स र मोरक्कोले क्वाटरफाइनल खेलमा भेट पक्का गरेका हुन् ।

मोरक्कोले पहिलो प्रिक्वाटरफाइनल खेलमा सहआयोजक क्यानाडालाई ३-० ले पराजित गर्‍यो । फ्रान्सले भने पाराग्वेमाथि १-० को संघर्षपूर्ण जित निकालेको हो ।

फ्रान्सका कप्तान किलियन एम्बाप्पेले पेनाल्टीमार्फत गोल गर्दै टोलीलाई क्वाटरफाइनलमा पुर्‍याएका हुन् । जारी विश्वकपमा उनको यो सातौं गोल हो । गोल्डेन बुटको दौडमा उनी अर्जेन्टिनाका लिओनल मेसीसँगै शीर्ष स्थानमा रहेका छन् । दुवैको समान सात गोल भए पनि दुई असिस्टका कारण एम्बापे अगाडि छन् ।

फ्रान्स र मोरक्कोबीचको क्वाटरफाइनल खेल शुक्रबार बिहान हुने छ । उनीहरूबीचको खेलको विजेता सेमिफाइनल प्रवेश गर्ने छ । पराजित हुन राष्ट्र भने घर फर्कने छ ।

सन् २०२२ मा कतारमा भएको विश्वकपको अघिल्लो संस्करणमा सेमिफाइनलमा मोरक्को र फ्रान्स खेलेका थिए । सेमिफाइनल खेलमा मोरक्कोलाई २-० ले पराजित गर्दै फ्रान्स फाइनल प्रवेश गरेको थियो । फाइनलमा अर्जेन्टिनासँग ट्राइब्रेकरमा पराजित हुँदा फ्रान्स उपविजेतामा सीमित बनेको थियो ।

यसपटक भने फ्रान्स उपाधिका प्रमुख दाबेदार देखिएका छन् । फ्रान्सको प्रदर्शन जारी विश्वकपमा सशक्त देखिएको छ । यता मोरक्कोले पनि उत्कृष्ट प्रदर्शन गर्दै फ्रान्सको उपाधि यात्रामा बलियो चुनौती दिने देखिन्छ ।

## दश ओलम्पियन खेलाडी सम्मानित

**कैलाली–** सुदूरपश्चिम प्रदेशबाट प्रतिनिधित्व गर्ने १० जना ओलम्पियन खेलाडीलाई धनगढीमा नगदसहित सम्मान गरिएको छ । सुदूरपश्चिम प्रदेश खेलकुद परिषद्ले आइतबार यहाँ कार्यक्रम आयोजना गरी खेलका माध्यमबाट सुदूरपश्चिमको पहिचान स्थापित गराउन योगदान पुर्‍याउने १० जना ओलम्पियन खेलाडीलाई नगदसहित सम्मान गरेको हो ।

परिषद्ले सबैलाई जनही ७० हजार रूपैयाँसहित दोसल्ला र प्रशंसापत्रद्वारा सम्मान गरेको हो । बक्सिङका विष्णुबहादुर सिंह, बक्सिङकै डम्मरदत्त भट्ट, तेक्वान्दोका दीपक विष्ट, भारोत्तोलनका भरतबहादुर साउद, पौडीकी गौरीका सिंह, एथलेटिक्सकी सरस्वती भटराई, तेक्वान्दोकी निशा रावल, ब्याडमिन्टनका प्रिन्स दाहाल, पारा एथलेटिक्सका विक्रमबहादुर राना र पारा तेक्वान्दोका भरतसिंह महता सम्मानित भएका छन् ।


**साउदीमा रोजगार** कम्पनी : RUQAYA ABDULAZIZ AL MANSOUR BLOCK FACTORY

पूर्व स्वीकृति मिति : २०८२/०९/०६ LT. No. 335609 चलानी नं. ६०२४९३१३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drive | 4 | 0 | 1800 | ७२,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २९ गते (13th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १८५/०५७/०५८
**Kapeel Manpower Pvt. Ltd.**
Kupandole, Lalitpur, Nepal, Tel: 01-5451901, Official Cell : 9702699002, Sanjay Maharjan : 9851324457
E-mail: kapeelmanpowerpvtltd@gmail.com, Website: www.kapeelmanpower.com.np

**साउदीमा रोजगार** कम्पनी : SABQ ALAIMTIAZ CO.LTD

पूर्व स्वीकृति मिति : २०८३/०३/२१ LT. No. 344322 चलानी नं. ६०२५७६२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FOOD & BEVERAGE | 6 | 0 | 1400 | ५६,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २९ गते (13th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HAPPY NEPAL EMPLOYMENT PVT. LTD**
Maharajgunj-3, 2 No. Gate President House Kathmandu, Nepal, Tel: +977-1-4535733/4538533, Mob: 9847364227
bishwo 984-3560000, subash 980-3050838 , Email: happynepalemployment@gmail.com, Web: www.happynepalemployment.com.np
Branch Office: Prithivichowk -8, Pokhara, Kaski, Mob: 9806625652, Email: happynepalemploymentpvtltdpokh@gmail.com
श्रम इजाजत नं. ८८३/०६७/०६८

**साउदीमा रोजगार** कम्पनी : WINCLEX COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०३/२१ LT. No. 344319 चलानी नं. ६०२५७५८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Cleaning Worker | 5 | 0 | 1800 | ७२,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २९ गते (13th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd**
Ratopul, Gaushala-7, Kathmandu, Nepal, Swostika Pariyar : 9706125170
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम इजाजत नं. १३०५/०७४/०७५

**कतारमा रोजगार** कम्पनी : STAYBRIDGE SUITES DOHA

पूर्व स्वीकृति मिति : २०८३/०३/२१ LT. No. 344313 चलानी नं. ६०२५७५८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 1 | 0 | 1500 | ६२,६८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २९ गते (13th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ७०३/०६४/०६५
**BRIGHT STAR HUMAN RESOURCES PVT. LTD.**
Tokha 07, Prayasnagar, Kathmandu, Nepal, Tel: 015910659, Mob: Sagar Bhattarai 9851320507
Office Hours: 10:00 AM to 5:00 PM. Email: cv.brightstar@gmail.com, info@brightstarhr.com / Web: brightstarhr.com

**साउदीमा रोजगार** कम्पनी : FARIDA TRADING EST.

पूर्व स्वीकृति मिति : २०८३/०३/२१ LT. No. 344297 चलानी नं. ६०२५७५८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hotel Management Worker | 2 | 0 | 1000 | ४०,५०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असार २९ गते (13th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ९०४/०६७/०६८
**DECENT EMPLOYMENT PVT. LTD.**
Samakhusi, Kathmandu, Nepal, +977-01-5903104, Contact Person Dhurba Thapa ( 9802360733)
Email: info@decentemployment.com.np, Website: www.decentemployment.com.np

**मलेसियामा रोजगार** कम्पनी : SQUAD SECURITY JOINT SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/११/२८ पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०३/२१ LT. No. 338852 चलानी नं. ६०२५३४०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 32 | 0 | 1700 | ६३,७१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : KOR SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/३१ पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०३/२१ LT. No. 332599 चलानी नं. ६०२४६३३१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 34 | 0 | 1700 | ६३,७१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २९ गते (13th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**DOTI OVERSEAS PVT. LTD.**
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel : 01-5912764, 5912763,
E-mail : doti.overseas1294@gmail.com, website: www.dotioverseas.com.np
Govt. License 1294/074/075

**कतार/साउदीमा रोजगार** कम्पनी : AL FANUS CONTRACTING AND BUILDING MAINTENANCE W L L

पूर्व स्वीकृति मिति : २०८३/०२/०६ पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०३/२१ LT. No. 340869 चलानी नं. ६०२५५७१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mechanic Helper | 2 | 0 | 2500 | १,०४,४७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MOHAMMED BIN ABDULLAH AL ZAHRANI FOUNDATION

पूर्व स्वीकृति मिति : २०८३/०२/०६ LT. No. 344330 चलानी नं. ६०२५७५९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 2 | 0 | 1000 | ४०,५०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २९ गते (13th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Star Overseas Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4363546, Fax: +977-1-4363540
Email: greenstaroverseas@gmail.com, Website: www.greenstaroverseas.com

**कुवेत/युएइमा रोजगार** कम्पनी : REALETTE SPA COMPANY FOR MEN सेवा शुल्क : १०,०००/-

पूर्व स्वीकृति मिति : २०८३/०३/२१ LT. No. 344287 चलानी नं. ६०२५७५९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Spa Therapists/Therapist | 4 | 0 | 150 | ७३,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaners | 1 | 0 | 150 | ७३,५३० | | | | | | | |

कम्पनी : KAWADER INTERNATIONAL FOR EMPLOYMENT SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८३/०३/१७ LT. No. 344138 चलानी नं. ६०२५७६००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 25 | 0 | 1500 | ६२,३२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Concrete Masons | 25 | 0 | 1500 | ६२,३२१ | | | | | | | |
| 3. | Construction Labouers | 25 | 0 | 1000 | ४१,५४७ | | | | | | | |
| 4. | Tile Layer | 25 | 0 | 1500 | ६२,३२१ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २९ गते (13th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Govt. License 845/066/067
**JOB WORLD INTERNATIONAL OVERSEAS PVT. LTD.**
Samakhushi-26, Kathmandu, Nepal, Telephone: 014988380/4982533, Sabin Ghimire 981-8123030, 9851035409
Email: jobworldinternational845@gmail.com, Web: www.jobworldoverseas.com.np



अमेरिकी-इजरायल र इरानबी युद्धको सुरुआती चरणमा अमेरिकी सेनाको आक्रमणमा मारिएका इरानका सर्वोच्च नेता अयातोल्लाह अली खामेनीको अन्त्येष्टि गर्नुअघि शनिबार तेहरानस्थित ग्राण्ड मोसल्लामा आयोजित समारोहमा अन्तिम श्रद्धाञ्जली दिन भेला भएका इरानी जनता । *तस्बिरः एएफपी*

# सीमा बन्द र मध्यपूर्व तनावले अफगानिस्तानको अटो व्यापार प्रभावित

**स्पिन बोल्दाक–** अफगानिस्तानको दक्षिणी सीमावर्ती व्यापारिक केन्द्रस्पिन बोल्दाकमा गाडीका पार्टपुर्जा आयात-व्यापार क्षेत्रीय द्वन्द्वका कारण ठप्प भएको छ । कन्दाहार प्रान्तमा लामो समयदेखि फस्टाउँदै आएको यो व्यापार पाकिस्तानसँगको सीमा बन्द र मध्यपूर्वको तनावले गम्भीर रूपमा प्रभावित भएको हो ।



पाकिस्तानसँगको सीमापार हिंसापछि अक्टोबरदेखि सीमा लगभग पूर्ण रूपमा बन्द हुँदा आयात मार्ग अवरुद्ध भएको थियो । विकल्पका रूपमा इरानको बन्दर अब्बास हुँदै तथा संयुक्त अरब इमिरेट्समार्फत ढुवानी गरिए पनि पछिल्लो मध्यपूर्व युद्धपछि ती मार्ग पनि प्रभावित भएका छन् ।

व्यवसायीका अनुसार जापानलगायत देशबाट आउने पार्टपुर्जा पहिले पाकिस्तान हुँदै स्पिन बोल्दाक पुग्थे, जहाँ गाडी एसेम्बल तथा मर्मतकार्य हुन्थ्यो । तर अहिले ढुवानी लागत अत्यधिक बढेको र आपूर्ति शृंखला अवरुद्ध भएको छ ।

व्यवसायी भन्छन्, 'मध्यपूर्वमा तनाव बढेपछि इरान वरपरको व्यापार मार्ग तथा 'स्ट्रेट अफ होर्मुज' हुँदै हुने ढुवानी पनि प्रभावित भएको छ, जसले संकट अझ गहिरो बनाएको छ ।'

ढुवानी कम्पनीका अनुसार युएईको प्रमुख व्यापारिक केन्द्र जेबेल अली बन्दरगाहमा ढिलाइ बढ्दै गएको छ । यसका कारण जापान र युएईबीचको नियमित आपूर्ति प्रणालीसमेत प्रभावित भई अवरुद्ध भएको छ । स्थानीय व्यवसायीका अनुसार कन्टेनर लागत दुई हजार अमेरिकी डलरबाट बढेर आठ हजार डलरसम्म पुगेको छ भने धेरै कन्टेनर युएई र जापानमै अड्किएका छन् ।

विश्व बैंकले अफगानिस्तानलाई बाह्य आर्थिक झट्काको उच्च जोखिममा रहेको देश भन्दै आयात-निर्यात असन्तुलन बढ्दै गएको चेतावनी दिएको छ । स्पिन बोल्दाक बजारमा काम गर्ने हजारौं मजदुर र व्यापारी प्रभावित भएका छन् । कार निर्माण, मर्मत र बिक्रीसम्बन्धी गतिविधि रोकिएपछि धेरैले रोजगारी गुम्ने जोखिम सामना गरिरहेका छन् । व्यवसायीले क्षेत्रीय तनाव समाधान भई अन्तर्राष्ट्रिय जलमार्ग र सीमा मार्ग पुनः खुल्ने आशा व्यक्त गरेका छन् । *रासस/एएफपी*

# चीनको नियन्त्रणमा रहेका पास्टर एज्रा जिन रिहा



**बेइजिङ–** चीनले हिरासतमा रहेका भूमिगत चर्चका संस्थापक पास्टर एज्रा जिनलाई रिहा गरेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चिनियाँ समकक्षी सी चिनफिङसँग उक्त मुद्दा उठाएपछि जिनलाई रिहा गरिएको चर्च र परिवारले आइतबार एएफपीलाई पुष्टि गरेका हुन् ।

पास्टर एज्रा जिन जायन चर्चका संस्थापक हुन् । यो चीनमा दर्ता नभएका चर्चमध्ये एक हो, जहाँ केही इसाइले सरकारी नियन्त्रणमा रहेका चर्चको सट्टा स्वतन्त्ररूपमा उपासना गर्ने गर्छन् ।

जिनलाई अक्टोबर १० मा 'सूचना सञ्जालको अवैध प्रयोग' को आरोपमा अन्य चर्च सदस्यसहित पक्राउ गरिएको थियो । उनलाई हिरासतबाट मुक्त गरिएपछि शनिबार लस एञ्जलस पुगेको अधिकार समूह चाइनाएडले जनाएको छ ।

रिहाइलाई चीनले अमेरिका स्वतन्त्रता दिवसको अवसरमा गरिएको 'सद्भावना संकेत'का रूपमा व्याख्या गरेको बताइएको छ । चर्चका अनुसार उक्त रिहाइ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र चिनियाँ राष्ट्रपतिबीचको छलफलको परिणामस्वरूप भएको हो ।

पास्टर जिनकी छोरी ग्रेसले आफ्नो बुबाको रिहाइलाई 'ठूलो चमत्कार' भन्दै धन्यवाद व्यक्त गरेकी छन् । उनले यो घटनाले चीनमा धार्मिक स्वतन्त्रता र दुई देशबीचको सम्बन्धमा सकारात्मक परिवर्तनको संकेत दिनसक्ने आशा व्यक्त गरेकी छन् ।

चीनमा पछिल्ला महिनामा दर्ता नभएका चर्चमाथि निगरानी र कारबाही कडा बनाइएको छ । अधिकारीले विभिन्न स्थानमा चर्चका नेतालाई पक्राउ गर्नुका साथै धार्मिक संरचनामाथि नियन्त्रण बढाएको रिपोर्टमा उल्लेख छ । सन् २०१८ मा सरकारी दबाबपछि चर्च बन्द भएको थियो भने त्यसपछि यसको गतिविधि मुख्यतः अनलाइनमार्फत सञ्चालन हुँदै आएको थियो । *रासस/एएफपी*

# मध्यपूर्व तनाव घट्दै, ओपेक प्लसले उत्पादन कोटा बढाउने सम्भावना



**लण्डन–** मध्यपूर्वमा युद्धपछि देखिएको तनाव क्रमशः कम हुँदै गएसँगै पेट्रोलियम निर्यात गर्ने देशको संगठन (ओपेक प्लस)ले उत्पादन कोटा बढाउने सम्भावना देखिएको छ । विश्लेषकले आइतबार एएफपीलाई दिएको जानकारीअनुसार आगामी बैठकमा उत्पादन विस्तारबारे निर्णय हुन सक्छ ।

साउदी अरब, रसियालगायत सात प्रमुख सदस्य राष्ट्रले अगस्ट महिनाको उत्पादन कोटाबारे अनलाइन बैठकमार्फत छलफल गर्ने छन् । स्विस बैंक युबिएसका कमोडिटी विश्लेषक जियोभानी स्टौनोभोका अनुसार ओपेक प्लसले अघिल्ला महिनामा सुरु गरिएको उत्पादन कटौती फिर्ता लिने प्रक्रिया जारी राख्दै दैनिक करिब एक लाख ८८ हजार ब्यारेल उत्पादन बढाउन सक्ने सम्भावना छ ।

मध्यपूर्वमा हालैको द्वन्द्वका क्रममा 'स्ट्रेट अफ होर्मुज'मा भएको अवरोधले तेल आपूर्ति प्रभावित पारेको थियो । हालै इरान-अमेरिकाबीच भएको समझदारीपछि समुद्री आवागमनमा सुधार देखिएको छ ।

विश्लेषकका अनुसार आपूर्ति प्रणाली क्रमशः सामान्य हुँदै गएपछि तेलको मूल्य युद्धपूर्वस्तरमा फर्किएको छ भने दैनिक आपूर्ति पनि पुनः वृद्धि हुँदै गएको छ ।

स्याक्सो बैंकका विश्लेषक ओले हचान्सेनले रोकिएको उत्पादन पुनः सुरु गर्न समय लाग्ने बताउँदै निकट भविष्यमा उत्पादन वृद्धिको गति अझ बढ्न सक्ने संकेत गरेका छन् । विशेषज्ञहरूले आगामी वर्ष बजारमा आपूर्ति अधिक हुन सक्ने अनुमान गरेका छन् । *रासस/एएफपी*

# ऊर्जा संकटपछि भारतले तेल अन्वेषण विस्तार गर्ने



**नयाँदिल्ली–** मध्यपूर्वमा भएको युद्धका कारण ऊर्जा आपूर्तिमा आएको अवरोधपछि भारतले स्वदेशी कच्चा तेलको अन्वेषण तथा उत्पादन विस्तार गर्ने योजना अघि बढाएको छ ।

भारतका पेट्रोलियम तथा प्राकृतिक ग्यासमन्त्री हर्दिपसिंह पुरीले ऊर्जा संकटले स्वदेशी स्रोतको विकासलाई प्राथमिकता दिन नयाँ प्रेरणा दिएको बताएका छन् । विश्वको तेस्रो ठूलो कच्चा तेल आयातकर्ता तथा दोस्रो ठूलो एलपिजी आयातकर्ता भारतले अमेरिका-इरान द्वन्द्वका क्रममा 'स्ट्रेट अफ होर्मुज'मा लगाइएका प्रतिबन्धका कारण ऊर्जा आपूर्तिमा अवरोधको सामना गरेको थियो । अमेरिका र इरानबीच युद्ध रोक्ने अस्थायी सहमतिपछि खाडी क्षेत्रबाट तेल तथा ग्यास ढुवानी पुनः सुरु भएको छ भने बजारमा मूल्य स्थिर हुन थालेको छ ।

मन्त्री पुरीका अनुसार भारतले हालसम्म अन्वेषण नगरिएका करिब दुई लाख ५० हजार वर्ग किलोमिटर क्षेत्रमा तेल तथा ग्यास अन्वेषणका लागि बोलपत्र आह्वान गर्ने तयारी गरिरहेको छ । भारतको तेल मन्त्रालयका अनुसार आर्थिक वर्ष २०२५/२६ मा स्वदेशी कच्चा तेल उत्पादन दुई करोड ५९ लाख ८० हजार मेट्रिकटन रहेको थियो । यो उत्पादनले भारतको कूल कच्चा तेल आवश्यकताको करिब १० प्रतिशतमात्र पूरा गर्छ ।

ऊर्जा आपूर्तिको विविधीकरणका लागि भारतले कच्चा तेल आयात गर्ने देशको संख्या २७ बाट बढाएर ४१ पुऱ्याएको छ । यस क्रममा इरान, भेनेजुएला, रुस तथा विभिन्न अफ्रिकी मुलुकबाट पनि आयात बढाइएको छ । रुसी तेल खरिदका विषयमा अमेरिका र युरोपबाट आलोचना भए पनि मन्त्री पुरीले भारतले वैचारिक दृष्टिकोणभन्दा आफ्ना ऊर्जा आवश्यकतालाई प्राथमिकता दिएको बताएका छन् ।

भारतको स्वदेशी कच्चा तेल उत्पादन मुख्यतः मुम्बईको अपतटीय क्षेत्र, राजस्थान, गुजरात तथा आसाममा केन्द्रित छ । मन्त्री पुरीले अण्डमान तथा निकोबार द्वीप आसपासको समुद्री क्षेत्रलाई ऊर्जा सम्भावनाले भरिएको क्षेत्रका रूपमा उल्लेख गर्दै त्यहाँ गहिरो समुद्री क्षेत्रमा अन्वेषणलाई तीव्र पारिने बताए । उनका अनुसार भारतले गहिरो समुद्री अन्वेषणका लागि पेट्रोब्रास, टोटलएनर्जिज, बिपी, शेल तथा एक्सनमोबिलजस्ता अन्तर्राष्ट्रिय कम्पनीसँग सहकार्य गरिरहेको छ ।

प्रधानमन्त्री नरेन्द्र मोदीले सन् २०२५ मा 'समुद्र मन्थन' अभियान घोषणा गर्दै समुद्रमुनिको तेल तथा ग्यास भण्डारको खोजीलाई राष्ट्रिय प्राथमिकतामा राखेका थिए ।

सरकारले सन् २०७० सम्म कार्बन तटस्थता हासिल गर्ने लक्ष्य राखे पनि तीव्र आर्थिक वृद्धि र बढ्दो ऊर्जा मागका कारण तेलको खपत निरन्तर बढिरहेको छ । भारतले नवीकरणीय ऊर्जा, आणविक ऊर्जा तथा इथेनोल मिश्रित इन्धनको प्रयोग विस्तार गर्दै ऊर्जा स्रोतको विविधीकरणमा पनि लगानी बढाइरहेको छ ।

मन्त्री पुरीले भारतको ऊर्जा खपत सन् २०२१ मा दैनिक ५० लाख ब्यारेलबाट बढेर हाल करिब ५६ लाख ब्यारेल पुगेको र निकट भविष्यमै दैनिक ६० लाख ब्यारेल पुग्ने अनुमान गरिएको बताए । उनले करिब १० अर्ब अमेरिकी डलरको लगानीमार्फत तेल तथा ग्यास अन्वेषणलाई तीव्र बनाइने र अहिलेसम्म अन्वेषण नगरिएको करिब १० लाख वर्ग किलोमिटर क्षेत्रमा पनि अध्ययन अघि बढाइने जानकारी दिए । *रासस/एएफपी*

# कंगोमा इबोलाको संक्रमण समुदायस्तरमै फैलिँदै, ४९२ को मृत्यु

**किन्शासा–** 'डेमोक्रेटिक रिपब्लिक अफ द कंगो'मा इबोलाको पछिल्लो प्रकोप समुदायस्तरमा फैलिने क्रम जारी रहँदा संक्रमितको संख्या एक हजार ५२८ पुगेको छ भने मृतकको संख्या ४९२ पुगेको छ ।



कंगोका जनस्वास्थ्य अधिकारीले शनिबार सार्वजनिक गरेको प्रतिवेदनअनुसार हालसम्म २३९ जना संक्रमित निको भएका छन् भने ६२८ जना आइसोलेसन केन्द्र वा अस्पतालमा उपचाररत छन् । यसका साथै १८५ जना शंकास्पद बिरामीको पनि पहिचान गरिएको छ ।

प्रतिवेदनमा पछिल्ला सातामा नयाँ संक्रमितको संख्या निरन्तर बढ्दै गएको उल्लेख गरिएको छ । महामारीको गणनाअनुसार २५औं र २६औं सातामा प्रत्येक सातामा ३०० भन्दा बढी नयाँ संक्रमण पुष्टि भएको जनाइएको छ । यसले समुदायस्तरमा संक्रमण अझै सक्रियरूपमा फैलिरहेको संकेत गरेको अधिकारीले बताएका छन् ।

प्रतिवेदनमा मृत्युपश्चात् नमूना संकलनमा समुदायको असहयोग तथा विशेषगरी उत्तर किभुमा रहेका इबोला उपचार केन्द्रको सीमित क्षमतालगायतका चुनौती उल्लेख गरिएको छ । संक्रमितको सम्पर्कमा आएका व्यक्तिको प्रभावकारी खोजी गर्न नसकिएको अवस्था र प्रयोगशाला परीक्षणमा हुने ढिलाइले पनि संक्रमण नियन्त्रणमा कठिनाइ उत्पन्न गरेको जनाइएको छ । साथै, औषधि तथा संक्रमण नियन्त्रणसम्बन्धी सामग्रीको अभाव, असुरक्षा र प्रभावित केही क्षेत्रमा सीमित पहुँचका कारण महामारी नियन्त्रण प्रयास प्रभावित भएको प्रतिवेदनमा उल्लेख छ ।

विश्व स्वास्थ्य संगठनले बिहीबार जनाएअनुसार 'बुण्डिबुग्यो' भाइरसबाट हुने इबोलाको सम्भावित उपचारको प्रभावकारिता मूल्यांकन गर्न कंगोमा क्लिनिकल परीक्षण सुरु गरिएको छ । उक्त भाइरसका कारण हुने इबोलाका लागि हालसम्म कुनै स्वीकृत खोप वा विशिष्ट उपचार उपलब्ध छैन । *रासस/सिन्ह्वा*

# माल्दिभ्सको पर्यटन क्षेत्रमा जलक्रिडा व्यवसायको उछाल

**माले–** माल्दिभ्सको पर्यटन क्षेत्रमा जलक्रिडा व्यावसायको राजस्वमा उल्लेख्य वृद्धि भएको छ । पछिल्लो प्रतिवेदन अवधिमा यस क्षेत्रको राजस्व ४७.७ प्रतिशतले बढेको माल्दिभ्सको सरकारी सञ्चारमाध्यम 'पिएसएम न्युज'ले जनाएको छ ।

माल्दिभ्सको आन्तरिक राजस्व प्राधिकरणको तथ्यांक उद्धृत गर्दै पिसएम न्युजले डिसेम्बर २०२५ देखि फेब्रुअरी २०२६ सम्मको अवधिमा समग्र पर्यटन क्षेत्रले ४४७ मिलियन अमेरिकी डलरबराबरको 'आउटपुट कर' संकलन गरेको जनाएको छ । यो अघिल्लो वर्षको सोही अवधिको ३७१ मिलियन डलरको तुलनामा २०.५ प्रतिशतले बढी हो ।

प्रतिवेदनअनुसार जलक्रिडा व्यावसायको राजस्व अघिल्लो वर्षको २१.६८ मिलियन डलरबाट बढेर ३२.०३ मिलियन डलर पुगेको छ, जसले यो क्षेत्रलाई पर्यटन उद्योगको सबैभन्दा तीव्र गतिमा बढिरहेको उपक्षेत्र बनाएको छ ।

यसैगरी, वाटर स्पोर्ट्स सेन्टरको राजस्व ४९.२० प्रतिशतले वृद्धि भई ८.२ मिलियन डलरबाट १२.३७ मिलियन डलर पुगेको छ । होमस्टे तथा गेस्टहाउसले पनि ६०.८ प्रतिशतको वृद्धि दर्ता गरेका छन्, यद्यपि समग्र पर्यटन बजारमा तिनको योगदान तुलनात्मकरूपमा सानो रहेको प्रतिवेदनमा उल्लेख छ ।

पर्यटन राजस्वको सबैभन्दा ठूलो हिस्सा ओगट्ने रिसोर्टको आयमा भने २१ प्रतिशतले वृद्धि भएको छ । पिसएम न्युजका अनुसार उक्त अवधिमा माल्दिभ्समा आउने पर्यटकको कूल संख्यामा ११.६ प्रतिशतले वृद्धि भएको छ, जसले पर्यटन क्षेत्रको समग्र वृद्धिमा योगदान पुऱ्याएको छ । *रासस/सिन्ह्वा*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९०३०० | प्रति तोला – ० | प्रति तोला – ४६०५ |



**निर्माणाधीन 'आर्क ब्रिज'** | मुग्लिन–पोखरा सडकखण्डअन्तर्गत तनहुँको व्यास नगरपालिका–४ र ५ जोड्ने मादी नदीमाथिको निर्माणाधीन 'आर्क ब्रिज' । चार लेनको उक्त पुलमा ८५ प्रतिशत काम सम्पन्न भएको छ । *तस्बिर: रासस*

अर्थ समितिमा आगामी मौद्रिक नीतिबारे छलफल

# बजेटले समेट्न नसकेको विषय मौद्रिक नीतिमा समावेश गर्न जोड



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरोकारवालाले आगामी आर्थिक वर्षको मौद्रिक नीति समयानुकूल बनाउन र बजेटले समेट्न नसकेका धेरै विषयलाई समावेश गर्न सरोकारवालाले सुझाव दिएका छन् । प्रतिनिधिसभा अन्तर्गतको अर्थ समितिको आइतबारको बैठकमा पूर्वगभर्नर, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि तथा उद्योग व्यवसायीका छाता संगठनका प्रमुख एवं प्रतिनिधिले अर्थतन्त्रको सुधारका लागि नीतिले समेटनुपर्नेमा जोड दिए ।

पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्रीले मौद्रिक नीतिले मुलुकको खस्कँदो अर्थतन्त्रलाई स्थिर बनाउने गरी तय हुनुपर्ने धारणा राखे । वित्तीय नीति र मौद्रिक नीतिको तादम्यता हुनुपर्नेमा जोड दिँदै उनले केन्द्रीय बैंकको स्वायत्ततालाई कायम राख्नुपर्ने बताए । पूर्वगभर्नर महाप्रसाद अधिकारीले मौद्रिक नीति अत्यन्तै प्राविधिक र धेरै हदसम्म अनुमानयोग्य हुने भएकाले देशभित्रको आर्थिक अवस्था र बाहय क्षेत्रको स्थितिले नै यसको कार्यदिशा निर्धारण गर्ने उल्लेख गरे ।

पछिल्लो अवस्थालाई ख्याल गर्दा केन्द्रीय बैंकले बैंक दर, नीतिगत दर वा ब्याजदर करिडोरलाई थप कडा बनाउने आधार नभएको उनको भनाइ थियो । उनले मूल्य स्थिरता र बाहय क्षेत्रको अवस्था सन्तोषजनक रहेकाले ब्याजदर तथा अन्य मौद्रिक उपकरण थप कसिलो बनाउनु जरुरी भएको उल्लेख गरे । उनले आन्तरिक उत्पादन वृद्धि र अर्थतन्त्र सुधारका लागि विगतमा लागू गरिएका नीतिहरू सहजताका नाममा हटाउन नहुने तर्क गरे ।

पूर्वगभर्नर डा. चिरञ्जीवी नेपालले केन्द्रीय बैंकको स्वायत्तता र अन्तर्राष्ट्रिय अभ्यासलाई सम्मान गर्नुपर्ने बताए । मौद्रिक नीतिको उद्देश्य मुद्रास्फीति नियन्त्रण गर्ने र सरकारको आर्थिक वृद्धिको लक्ष्यलाई सहयोग गर्ने भएकाले सोहीअनुसार नै जिम्मेवारी पूरा गर्ने उनको भनाइ थियो । बैंकिङ क्षेत्रमा बढ्दो खराब कर्जा व्यवस्थापनका लागि 'एसेट म्यानेजमेन्ट कम्पनी' स्थापना गर्न उनले सुझाव दिए ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष अञ्जन श्रेष्ठले बजेटले केही विषय सम्बोधन गरे पनि निजी क्षेत्रका बाँकी माग मौद्रिक नीतिमार्फत समाधान गर्नुपर्ने बताए । मुलुकको अर्थतन्त्रलाई पुनर्जीवित गर्न मौद्रिक नीतिमार्फत नीतिगत सुधार भएका खण्डमा धेरै सहज हुने उनको कथन थियो । देशमा रोजगारी सिर्जनाका लागि उत्पादन बढाउनुपर्ने भएकाले निजी क्षेत्रलाई साथ र सहयोग जरुरी रहेको अध्यक्ष श्रेष्ठको भनाइ थियो ।

नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत मनोज ज्ञवालीले बैंक तथा वित्तीय संस्था समस्यामा जानु भनेको मुलुक पनि समस्यामा जानु हो भन्ने बुझेर मौद्रिक नीति तय गर्नुपर्ने धारणा राखे । परिस्थितिका कारण बैंकको साँवा र ब्याज तिर्न नसक्ने र जानाजान नतिर्नेहरूको वर्गीकरण हुनुपर्ने उनको भनाइ थियो । बैंकिङ प्रक्रियालाई सरल बनाउनका लागि उनले कानुनी सुधारको आवश्यकता औंल्याए ।

नेपाल बैंकर्स संघका अध्यक्ष सन्तोष कोइरालाले पछिल्ला दिनमा देखापरेको आर्थिक शिथिलतालाई ख्याल गरेर नीति तय हुनुपर्ने बताए । अध्यक्ष कोइरालाले कर्जा नोक्सानीसम्बन्धी प्रावधानमा केही परिमार्जन जरुरी रहेको उल्लेख गरे । बैंक तथा वित्तीय संस्था परिसंघ नेपालका अध्यक्ष प्रचण्ड श्रेष्ठले बैंकिङ क्षेत्र अहिले समस्यामा रहेकाले केन्द्रीय बैंकले थप अभिभावकीय भूमिका निर्वाह गर्नुपर्ने तर्क गरे । सूक्ष्म निगरानी र खराब कर्जाको वर्गीकरणमा हुने थोरै लचकताले पनि बजारमा सकारात्मक सन्देश जाने उनको भनाइ थियो ।

बैठकमा नेपाल उद्योग परिसंघका उपाध्यक्ष भीमप्रसाद घिमिरे, अर्थतन्त्रका जानकार नरबहादुर थापालगायतले समयानुकूल मौद्रिक नीतिको आवश्यकता औंल्याए ।

# घरेलु तथा साना उद्योगलाई सहुलियत, नीतिगत स्थिरता र सरकारी संरक्षणको आवश्यकतामा जोड

■ **प्रभाव संवाददाता**



**ललितपुर–** आर्थिक मन्दी, लगानी संकुचन र बजार सुस्ताएका बेला घरेलु तथा साना उद्योगलाई सहुलियत, नीतिगत स्थिरता र सरकारी संरक्षण आवश्यक रहेको सरोकारवालाहरूले औंल्याएका छन् । नेपाल घरेलु तथा साना उद्योग महासंघको आइतबारदेखि यहाँ सुरू भएको २६औं राष्ट्रिय महाधिवेशन तथा २३औं राष्ट्रिय महिला उद्यमी सम्मेलनको उद्घाटन समारोहमा बोल्ने वक्ताहरूले उक्त विषयमा जोड दिएका हुन् ।

उद्योग क्षेत्र पुनर्जीवनका लागि सरकार र निजी क्षेत्रबीच प्रभावकारी सहकार्य अपरिहार्य रहेको बताएका छन् । तीन तहका सरकारबीचको समन्वय अभाव, पुराना कानुन र नीतिगत अस्थिरताले घरेलु तथा साना उद्योग क्षेत्र प्रभावित भएको उनीहरूको भनाइ थियो ।

सम्मेलनको उद्घाटन समारोहलाई सम्बोधन गर्दै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले घरेलु तथा साना उद्योगको विकास मुलुकको आत्मनिर्भर अर्थतन्त्र निर्माणको आधार भएको बताए । उनले स्थानीय उत्पादनलाई पर्यटनसँग जोडेर बजार विस्तार गर्नुपर्नेमा जोड दिँदै कर्णालीका राडीपाखी, अल्लोलगायत स्थानीय उत्पादनको प्रभावकारी ब्राण्डिङ र बजारीकरण आवश्यक रहेको धारणा राखे ।

सचिव निरौलाले सरकारी निकायमा हुने बारम्बारको कर्मचारी सरुवाले नीतिगत निरन्तरतामा असर परेको उल्लेख गर्दै संघीय, प्रदेश र स्थानीय सरकारबीच प्रभावकारी समन्वयको आवश्यकता औंल्याए । उनले संविधानअनुकूल कानुन परिमार्जन, उद्योगमैत्री नीति निर्माण, सार्वजनिक खरिदमा स्थानीय उत्पादनलाई प्राथमिकता तथा सार्वजनिक-निजी साझेदारी (पिपिए) मोडललाई प्रभावकारीरूपमा कार्यान्वयन गर्नुपर्ने सुझाव दिए ।

महासंघका अध्यक्ष उमेशप्रसाद सिंहले वर्तमान आर्थिक मन्दीका कारण उद्योग व्यवसाय प्रभावित भएको उल्लेख गर्दै सरकार र निजी क्षेत्रबीचको सहकार्यलाई अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता औंल्याए । उनले लघु, घरेलु तथा साना उद्योगीहरूको हकहित संरक्षण, रुग्ण उद्योगहरूको पुनरुत्थान तथा उद्योगमैत्री नीति निर्माणका लागि महासंघले निरन्तर सरकारसँग पहल गर्दै आएको बताए ।

अध्यक्ष सिंहका अनुसार हाल देशभर सञ्चालनमा रहेका लघु तथा साना उद्योगहरूले ३२ देखि ४० लाख मानिसलाई प्रत्यक्ष रोजगारी प्रदान गरिरहेका छन् । महासंघले २०४७ सालमा स्थापना भएदेखि लघु, घरेलु तथा साना उद्यमीहरूको हकहित संरक्षण, उद्यमशीलताको विकास तथा महिला उद्यमीहरूको नेतृत्व क्षमता अभिबृद्धिका क्षेत्रमा कार्य गर्दै आएको उनले बताए । हाल महासंघको संगठन सात वटै प्रदेश, ७७ वटै जिल्ला र ३०० भन्दा बढी पालिकामा विस्तार भएको छ । साथै केन्द्रीय महिला उद्यमी समितिअन्तर्गत सात प्रदेश, ६२ जिल्ला तथा विभिन्न पालिकाहरूमा महिला उद्यमी समितिहरू सक्रिय रहेको अध्यक्ष सिंहले बताए ।

देशभरका जिल्ला तथा प्रदेशबाट आएका प्रतिनिधिहरूको सहभागिता रहेको दुईदिने अधिवेशनले नयाँ नेतृत्व चयन गर्नुका साथै आगामी कार्ययोजना र नीतिगत दिशा तय गर्ने महासंघले जनाएको छ । महासंघ तथा केन्द्रीय महिला उद्यमी समितिको आगामी तीन वर्षका लागि नयाँ नेतृत्वसमेत चयन गरिने महाधिवेशनबाट महिला उद्यमशीलता विकास, आर्थिक सशक्तीकरण, नवप्रवर्तन तथा बजार पहुँच विस्तारका विषयमा महत्वपूर्ण योजना र कार्यक्रम तय गरिने जनाइएको छ ।

# मालदह आँपको मूल्य बढ्यो

**धनुषा–** मधेस प्रदेशमा मालदह जातको आँपको उत्पादन घट्दै गएपछि बजारमा यसको मूल्य दोब्बरले बढेको छ । तर किसानले भने आफूहरूले उचित मूल्य नपाएको भन्दै असन्तुष्टि जनाएका छन्।उनीहरूलेशीतभण्डार, प्रशोधन र प्रभावकारी बजार व्यवस्थापनको माग गरेका छन् ।

दुई साताअघिसम्म १०० रूपैयाँमा साढे दुई केजी आँप बिक्री भइरहेकामा अहिले प्रतिकेजी १०० रूपैयाँ पुगेको छ । किसानका बगैंचामा मालदह आँप सकिन लाग्दा व्यापारीले मूल्य बढाएको तर आफूहरूले भने मूल्य नपाएको किसानको गुनासो छ ।

धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-१ का किसान उमेश यादवले बजार मूल्य बढे पनि त्यसको लाभ किसानले नपाएको बताए । उनले किसानबाट सस्तोमा खरिद गरिएको आँप बजारमा महँगो मूल्यमा बिक्री भइरहेकाले प्रभावकारी बजार अनुगमन र मूल्य व्यवस्थापन आवश्यक रहेको उल्लेख गरे । *रासस*

# सिक्टा सिँचाइ आयोजना समयमै सम्पन्न गर्न ऊर्जामन्त्रीको निर्देशन

**काठमाडौं (प्रस)–** ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले सिक्टा सिँचाइ आयोजनाको काम समयमै सम्पन्न गर्न निर्देशन दिएका छन् । आयोजनाको स्थलगत निरीक्षण गर्दै मन्त्री श्रेष्ठले समयसीमाभित्र आयोजना सम्पन्न गर्न सम्बद्ध पक्षलाई निर्देशन दिएका हुन् ।

आर्थिक वर्ष २०६१/६२ देखि निर्माण सुरु भएको सिक्टा सिँचाइ आयोजनाको अपेक्षित भौतिक प्रगति नभएकोप्रति उनले चासो व्यक्त गरे । आयोजनाले बाँकेका राप्ती सोनारी, जानकी, बैजनाथ, डुडुवा, नरैनापुर, खजुरा गाउँपालिका, कोहलपुर नगरपालिका तथा नेपालगञ्ज उपमहानगरपालिको ४२ हजार ७६६ हेक्टर कृषियोग्य जमिनमा भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्य राखेको छ । पश्चिमी मूल नहरमार्फत ३३ हजार ७६६ हेक्टर र पूर्वी मूल नहरमार्फत करिब नौ हजार हेक्टर क्षेत्रमा सिँचाइ हुने परिकल्पना गरिएको छ ।

मन्त्री श्रेष्ठले आयोजनाको सफल कार्यान्वयनले बाँके जिल्लामा कृषि उत्पादन, खाद्य सुरक्षा तथा ग्रामीण अर्थतन्त्रमा दीर्घकालीन सकारात्मक परिवर्तन ल्याउने विश्वास व्यक्त गरे । स्थलगत निरीक्षणका क्रममा मन्त्री श्रेष्ठले कर्मचारी तथा लाभान्वित किसानसँग अन्तरक्रियासमेत गरेका थिए । उनले आयोजनाका लागि आवश्यक बजेटको सुनिश्चितता गर्न प्रतिबद्ध रहेको स्पष्ट पार्दै निर्माणलाई तीव्रता दिन सुझाव दिए ।

राष्ट्रिय गौरवको आयोजनालाई समयमै सम्पन्न गर्न आवश्यक ऐन-कानुन तथा प्रशासनिक प्रक्रियामा देखिएका जटिलता समाधानका लागि आफूले आवश्यक पहल गर्ने उनले बताए । बहुवर्षीय ठेक्का तथा सहमतिसम्बन्धी प्रक्रियालाई थप सरल र प्रभावकारी बनाइने उनको भनाइ थियो ।

उनले सिक्टा सिँचाइ आयोजना पूर्वाधार निर्माणमामात्र सीमित नरही बाँकेको कृषि आधुनिकीकरण, उत्पादन वृद्धि, खाद्य सुरक्षाको सुदृढीकरण तथा किसानको आयआर्जन बढाउने दीर्घकालीन आधार बन्ने उल्लेख गरे। सो क्रममा स्थानीय किसानसँग प्रत्यक्ष छलफल गर्दै रोपाइँको अवस्थाबारे जानकारी लिनुका साथै उनीहरूले भोगिरहेका समस्या र सुझावसमेत लिएका थिए ।

## विज्ञापन वापतको रकम भुक्तानी गर्नेबारे अत्यन्त जरुरी सूचना

यस **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा अन्य विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको **बाँकी बक्यौता रकम भुक्तानी**का लागि पटक पटक मौखिक तथा लिखित अनुरोध गर्दा पनि भुक्तानी नगर्नु भएकोले यही **मिति २०८३ असार २५ गते**भित्र भुक्तानी गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **प्रभाव राष्ट्रिय दैनिक**को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हालसम्म उपलब्ध गराइएको कमिसन सुविधासमेत उपलब्ध गराउन नसकिने तथा रकम भुक्तानी नगर्ने कम्पनी, संस्थाहरूका सञ्चालकको नाम र फोटो सहित सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून वमोजिम कार्वाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

लेखा शाखा
**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email:Marketing2prabhab@gmail.com